# अध्याय एक : परिचय

## १.१. अध्ययनको पृष्ठभुमी

(नेपाल सरकारमा मन्त्री बाट स्वीकृत २०७२/०५/०१)हिँसा सम्बन्धी क्लिनिकल प्रोटोकललैङ्गिक हिंसा एउटा सामाजिक समस्याको रुपमा रहेको छ । यसबाट  खासगरी महिला र बालबालीकाहरु बढी मात्रमा प्रभावित हुने गरेका छन । यसले उनीहरु शारीरिक, मानसिक, मनोवैज्ञानिक एवम् यौनजन्य असरहरु पर्नुका साथै उनीहरुको समग्र विकास, सुरक्षा, सामाजिक जीवन तथा न्याय प्रणलीमा समेत गम्भिर असर र प्रभाव पार्दछ । तसर्थ कसैलाई पनि लैङ्गिक सशक्तिकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्य योजना २०६९।७० देखि २०७३।७४ को दफा ८ (क) अनुसार लैङ्गिक हिंसा सम्बन्धी मुद्धामा उपचार र सहयोग गर्न स्वास्थ्यकर्मीहरुका लागि यो क्लिनिकल प्रोट्रोकल तयार गरी जारी गरीएको छ ।

लैङ्गिक हिंसा सामाजिक तथा मानव अधिकार सँग सम्बन्धित गम्भिर विषय हो । यसले सिङ्गो समाजलाई नै असर पु¥याउँदछ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सयुक्त राष्ट्रसंघीय महासन्धीले गरेको परिभाषा अनुसार लैङ्गिक हिंसा भनेको त्यस्तो हिंसा हो । जसले महिला भएर जन्मेकै कारण महिला विरुद्ध हुने गर्दछ, अथवा त्यस्तो हिंसा जसले असमान ढंगमा महिलाहरुलाई प्रभाव पारेको हुन्छ । यसमा शारीरिक, मानसिक, यौनिक रुपमा महिला माथि चोट, हानी वा नोक्सानी पु¥याउने वा दःख दिने, धम्की, बाध्यता वा बलपूर्वक महिलाको स्वतन्त्रता हनन गर्ने जस्ता लैङ्गिक विभेदमा आधारित हिंसाका कार्यहरु पर्दछन् । (महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने सयुक्त राष्ट्रसंघीय महासन्धिमा सामान्य सुझाव नं. १९ बाट संशोधित रुप)

समाज परापूर्वक काल देखि नै विद्यमान लैङ्गिक मुल्य-मान्यताका साथै महिला र पुरुषबीचको असमान शक्ति सम्बन्धका कारण लैङ्गिक विभेदले बलियो सँग गरा गाडेको छ । यसै कारण समाजमा विशेषगरी महिला र किशोरीहरु हिंसाका शिकार बन्न पुगेका छन् । यसले गर्दा बाँच्न पाउने अधिकार स्वतनत्रता सुरक्षा र आत्म सम्मान, महिला र परुषबीचको अखण्डताका आधारभूत अधिकारहरुबाट महिलाहरु बञ्चीत छन । लैङ्गिक हिंसा र महिला विरुद्धको हिंसा दुबैलाई अवसर एउटै रुपमा बुझ्ने गरीन्छ । धेरै जसो लैङ्गिक हिंसा र महिला हिंसा दुबैलाई पुरुषले नै महिला र किशोरीहरुलाई दुख कष्टमा पार्ने, दुर्व्यवहार गर्ने एवम् पीडा दिने गरेका छन । यसो त पितृसत्तात्मक परम्परागत मूल्य

मान्यताका कारण घटनाको पुष्टि नगरे पनि पुरुष वा केटाहरु तथा लैङ्गिक अल्पसंख्यकहरु समेत लैङ्गिक हिंसामा पर्ने क्रम बढ्न थालेकोछ ।

(विश्व स्वास्थ्य संगठन, सन् -२०१९) विश्वमा ३५ प्रतिशत महिलाहरुले यौन हिंसा भोग्नु परेको अनुमान गरीएको छ । त्यस्तो हिंसा उनीहरुले आफूसँग शारीरिक एवम् यौन सम्बन्ध रहेका व्यक्तिहरुका साथै यस्तो सम्बन्ध नभएका व्यत्तिहरुबाट समेत भोगिरहेका छन । संसार भरि जति पनि महिला हत्या हुने गरेका छन, ती मध्ये ३८ प्रतिशत हत्या यौन सम्बन्ध रहेका व्यक्तिहरुबाटै हुने गरेको पाइन्छ । त्यसैगरी आफुसँग यौन सम्बन्ध राख्ने व्यक्तिको कारण महिलाहरुले शारीरिक एवम् यौन दुर्व्यवहार सहनु परेको छ र त्यसबाट उत्पन्न जटिल स्वास्थ्य समस्याहरु भोग्नु परेको छ । त्यस्तो हिंसामा परेका महिलाहरु मध्ये १६ प्रतिशत भन्दा बढीमात्रामा कम तौल भएका शिशुहरु जन्मेका छन । आफुसँग यौन सम्बन्ध रहेको व्यक्तिबाट हिंसा नभोगको महिलाहरुको तुलनामा हिंसा भोगेका महिलाहरुको गर्भपतन दुई गुणा भन्दा बढी भएको झण्डै दुई गुणामा उदासिनता रहने र कतिपय मुलुकमा डेढ गुणाभन्दा बढी यस्ता महिलाहरुमा एच.आई.भि. एड्सकको संक्रमण भएको पाइन्छ । करिब ७ प्रतिशत महिलाहरुले आफुसँग यौन सम्बन्ध नरहेको व्यक्तिहरुबाट यौन हिंसा भोग्नु परेकोछ।

महिला विरुद्ध हुने हिंसा कुनै निश्चित उमेरमा मात्र नभई महिलाको जीवनमा कुनै पनि बेला हुन सक्दछ । यो कुनै वर्ग, जात-जाति, सामाजिक स्तर, राष्ट्रियता वा अन्य कुनै विशेष अवस्थाका महिलाहरुमा नहुने भन्ने छैन । सबै खालका महिला एवम् किशोरीहरु विरुद्ध हुने हिंसा जनस्वास्थ्यको समस्याका रुपमा मात्र नरही यसले सामाजिक, साँस्कृतिक, आर्थिक, कानुनी एवम् मनोवैज्ञानिक समस्याहरु समेत सिर्जना गरिरहेको परम्परागत रुढीवाढी प्रथाहरु जस्तै :- कम उमेरमा हुने विवाह, झुमा, वादी, देउकी, छाउपडी प्रथालाई समेत लैङ्गिक हिंसाकै रुपमा लिन सकिन्छ । यसलाई हाम्रो सामाजिक परम्परा र साँस्कृतिक मान्यता भनेर वेवास्ता गर्न मिल्दैन ।

(www.digitalsanchar.comकुमारी महराको लेख/कानुनी प्रावधानहरू)मुलुकमा लैङ्गिक हिंसा विरुद्ध लड्नका लागि नेपाल सरकारले उल्लेख कानुनी एवम् नीतिगत कदमहरु चालेको छ । यस अन्तर्गत घरेलु हिंसा (कसुर सजाय) एन, २०६६ तथा नियमावली २०६७ लैङ्गिक हिंसा निवारण कोषको स्थापना लैङ्गिक सशक्तिकरण सम्बन्धी राष्ट्रिय रणनीति तथा कार्य योजना, सन् २०१० अन्तर्गत लैङ्गिक हिंसाको अन्त्य तथा लैङ्गिकसशक्तिकरण सम्बन्धी राष्ट्रिय

रणनीति तथा कार्य योजना २०६९र७० देखि २०७३।७४ महत्वपूर्ण रहेका छन । यसका साथै लैङ्गिक हिंसा निवारण कोष र सञ्चार सम्पर्क मार्फत सोभ्कै उजुरी दर्ता गर्न सकिने होला सरकारको व्यवस्था सहित प्रधानमन्त्री कार्यालयमा महिला हिंसा न्यूनीकरण सम्बन्धी एकाई पनि स्थापना गरीएको छ । यस सन्दर्भमा नेपाल सरकारले लैङ्गिक हिंसा विरुद्धको राष्ट्रिय कार्य योजना दफा -३ को कार्यान्वयनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई जिम्मेवार कार्यकारी निकायका रुपमा तोकी त्यस्तो हिंसाबाट प्रभावितलाई एकीकृत सेवा उपलब्ध गराउन अस्पतालमा आधारित एकद्धार संकट व्यवस्थापन केन्द्र स्थापना गरेको छ । लैङ्गिक हिंसालाई स्वास्थ्य क्षेत्रले जनस्वास्थ्य संगै सम्बन्धित समस्याका रुपमा लिएर स्मबोधन गर्ने गरेको छ । स्वास्थ्य सँग सम्बन्धित निकायहरुका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण रणनीति, २०६६ एवम् सोको कार्य सञ्चालन निर्देशिका साथै निशुल्क स्वास्थ्य सेवा, अस्पतालमा सामाजिक सेवा एकाईका स्थापना र प्रेषण (रिफरल) प्रणालीको व्यवस्था जस्ता महन्वपूर्ण पहलहरु भएका छन ।

## १.२. समस्याको कथन

निजी तथा सार्वजनिक जीवनमा महिला माथी हुने लक्षित गरी गरीने क्रियाकलाप वा कार्य जसले महिलाहरुलाई शारीरिक, मानसिक, यौनिक र मनोवैज्ञानिक रुपमा हानी गर्दछ । त्यसलाई नै महिला हिंसा भनिन्छ ।

महिला भएकै आधारबाट मानव अधिकारको उपभोग गरिने विभेद, शारीरिक तथा मानसिक रुपबाट दिइने पीडा, प्रतिबन्ध लगायत जुनसुकै तरिकबाट महिलाको आत्म सम्मानमा पुर्‍याइने सबै किसिमको आघातलाईृ महिला हिंसाका रुपमा बुझ्नु पर्दछ । यस अन्तर्गत बलत्कार, घरेलु हिंसा, हत्या, कुटपिट, गालीगलौज, बोक्सि दाइजो प्रथा, बहु विवाह, बाल विवाह, जवरजस्ती करणी, यौनजन्य दुर्व्यवहार, शारीरिक हिंसा, स्रोत साधन र सेवाबाट बञ्चीत एवम् मानसिक दुर्व्यवहार पर्दछन् ।

नेपालको सन्दर्भमा महिला हिंसा भर्खरै मात्र प्रादुर्भाव भएको विकृति होइन । यो त पुस्तै पुस्ता देखी नेपाली समाजमा हस्तान्तरित हुदै आएको नाकारात्मक जड हो । फरक यति मात्रै देखिन्छ कि विभिन्न कालखण्डमा आफ्नो रुप भने पक्कै परिवर्तन गर्दै आएको छ । महिला विरुद्धको हिंसालाई लज्जाजनिक मानव अधिकारको हिंसाको रुपमा लिएको पाइन्छ । महिला माथि हुने हिंसामा कुटपिट, बहुविवाह, वाल विवाह, दाइजो प्रथा, गर्भपतन,

यौनजन्य दुर्व्यवहार, केटी जिस्काउने काम, हाड नाता करणी तथा अन्य करणी, बलात्कार, यौन व्यवहार र महिला तथा बालबालिकाहरुको किनवेच आदी पर्दछन् ।

लैङ्गिकतामा आधारित हिंसाका प्रकारहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) घरायसी हिंसा

ख) वैवाहिक हिंसा

ग) सामाजिक साँस्कृतिक हिंसा

घ) यौन हिंसा

ङ) दाइजो सम्बन्धी हिंसा

यस्तै गरेर समाजमा महिला हिंसा तथा घरेलु हिंसाका कारणहरु निम्नानुसार रहेको छ :

- पुरुष प्रधान समाज,
- महिलाको आर्थिक स्थिति सबल नहुनु,
- धेरै जसो आधारभूत आवश्यकताहरु स्वास्थ्य शिक्षा र चेतनाजस्ता कुरामा महिलाको पहुच नहुनु,
- धर्म सँस्कृति लगायतका विषयहरु पुरुषमैत्री बनाएर प्रस्तुत गरीनु,
- राज्यले प्दान गरेका आरक्षण, सकारात्मक सोत, छात्रवृति लगायतका सहुलीयतहरु विपन्न तथा निम्न स्तरका महिलाहरु सम्म नुपुग्नु,
- वर्तमान शिक्षाले व्यवसायमुखी नभएकाले शिक्षा प्राप्त गरे पनि स्वावलम्बि हुन नसक्नु,
- पुरुषहरुको सोच महिलामैत्री हुन नसक्नु,
- महिलाहरु स्वयम् पनि चुलाचेका नाघेर बाहिर आउन हिम्मत नगर्नु आदि ।

यिनै विभिन्न कारणहरु यथावत रहेता पनि समाजमा पढेलेखेका शिक्षितहरु भनाउदा पनि आर्थिक प्रलोभन र देखासिकीको माध्यमबाट महिला हिंसामा सबै प्रकारका महिला र बालबालिकाहरु परेका छन । शिक्षित समुदाय समेत कुनै न कुनै रुपबाट हिंसा गरी रहेकोले वर्तमान समयमा सम्पूण क्षेत्र नै केही न केही रुपमा हिंस्रीत बन्दै गएको छ ।

समाजमारहेका पुरुषहरु महिलाबाट महिला नै पिडित र हिंसाको शिकार भएको कारणले यस खालका हिंसाका घटनालाई आधार बनाएर यो शोधपत्रतयार पारिएकोछ।

## १.३. अध्ययनको उद्देश्य

(महिला हिँसा कारण र न्युनिकरणआदर्श समाज संम्वादाता www.eadarsha.com/2074)

लैङ्गिक हिंसाले गम्भिर स्वास्थ्य समस्याहरु निम्त्याउँदछ, जसले महिलाहरुको शक्तिलाई कमजोर बनाउछ । हिंसा प्रभावित व्यक्तिहरु सबैभन्दा पहिला स्वास्थ्य सेबा दिने व्यक्ति वा निकायकै सम्पर्कमा आउछन र आफ्नो समस्याहरु बताउने गर्दछन् । नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण सन् २०११ अनुसार चार जना महिलाहरु भध्ये एक जना महिलाले आफूले भोगेका शारीरिक तथा यौनजन्य हिंसा कुनै पनि स्रोतबाट सहयोग लिने गरेका छन । हिंसा पहिचान गरी सेवा दिन र उपयूक्त रिफर (प्रेषण) गर्न स्वास्थ्य कर्मीहरु र स्वास्थ्य सेवाका व्यवस्थापकहरुको महत्वपूर्ण भुमिका रहन्छ ।

यस अध्ययनका मुख्य उद्देश्यहरु निम्नानुसार रहेका छन् :

अ) सो अध्ययन क्षेत्रमा महिला हिंसाको अवस्था सम्बन्धी ज्ञान पत्ता लगाउनु ,

आ) यसले महिला र बालबालिका बारे स्वास्थ्यमा पारेको असर सम्बन्धी ज्ञान पत्ता लगाउनु

इ) महिला हिंसा न्यूनिकरण गर्न जिम्मेवार पक्षको भूमिका अध्ययन गर्नु ।

## १.४. अनुसन्धान प्रश्न

कुनै पनि अनुसन्धान गर्नका लागि उद्देश्य माथि केन्द्रित रहेर विभिन्न किसिमका अनुसन्धान पुस्तकहरुको निर्माण गरीनु पर्दछ । यसका लागि महिला हिंसा र यसले स्वास्थ्यमा पारेको असर शीर्षकमा अध्ययन गर्नमा लागि छनोट गरिएको स्थान रामधुनी नगरपालिका वडा नं.-७ मुस्लीम टोल आधारमा निम्न लिखित अनुसन्धान प्रश्नहरु निर्माण गरीएको छ :

क) महिला हिंसाको अवस्था कस्तो छ भनि ज्ञान पत्ता लगाउने

ख) यसले महिला र बालबालिकाको स्वास्थ्यमा के कस्तो असरसम्बन्धी ज्ञान थाहा पाउन सहयोग पुऱ्याएकोछ

ग) महिला हिंसा न्यूनिकरण गर्ने जिम्मेवार पक्षको भूमिका कस्तो रहने छ

## १.५. अध्ययनको उपदेयता

समुदायमा विभिन्न स्वास्थ्य समस्याहरु हुने गर्दछन् । समुदायसंग जोडिएर रहेका स्वास्थ्य समस्याहरुको निदान गरी हि समाधानका उपायहरु अपनाएर समाजलाई हिंसा रहित स्वास्थ्य ,स्वच्छ समाज निर्माण गर्न यस अध्ययनले महत्वपूर्ण भूमिका निर्वाह गर्ने छ ।

मानिसहरुको सामाजिक, आर्थिक,पारिवारिक,धार्मिक, शैक्षिक अवस्था र व्यवहारसंग प्रत्यक्ष सम्पर्क रहेको हुन्छ । कुनै पनि एक पक्षको विचलन आएमा अन्य पक्षमा प्रभाव पर्न जान्छ । त्यसैले समाजमा भएका हिंसाहरुको वर्तमान अवस्था कस्तो छ ? यसले वातावरणमा कस्तो असर पारेको छ ?मानव स्वास्थ्यमा पार्ने विभिन्नअसरहरुमध्ये हिंसा पनि एक प्रमुख कारण हो ।यसैले गर्दा महिला हिंसा र यसले स्वास्थ्यमा पारेकाअसरहरुको स्थलगत अध्ययन गर्नका लागि सहयोग पुगेको छ । यो कार्य मार्फत निम्न उपदेयताहरु पत्ता लगाउन सकियो।

क) यस अध्ययनले समुदायमा हुने महिला हिंसाको वर्तमान अवस्था र यसले वातावरणमा पारेको असरहरुको पहिचान गरी सोही अनुरुप उच्चतम् स्वास्थ्य स्तर प्राप्तिका लागि यसले सहयोग पुऱ्याएकोछ ।

ख) यस अध्ययनले समुदायमा महिला हिंसा नियन्त्रण सम्बन्धी विभिन्न किसिमका कार्यक्रमहरु सञ्चालन गर्न सहयोग पुऱ्याएकोछ।

ग) यस अध्ययनले विभिन्न गैरसरकारी, सरकारी लगायत राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुलाई सामुदायिक हिंसाका अवस्था थाहा पाउन र सोही रुपमा कार्यक्रम सञ्चालन गर्न सहयोग पुऱ्याएको छ।

घ) यस अध्ययनले समुदायमा भएका हिंसात्मक घटनाहरु हटाउन सहयोग पुऱ्याउनेछ ।

ङ) यस अध्ययनले अनुसन्धान कर्ता र शिक्षित व्यक्तिहरुलाई महिला हिंसा त्यसको असरको पछिल्लो अवस्थाको अध्ययन गर्न सहयोग पुऱ्याएको छ।

च) समुदायको यस सम्बन्धी अध्ययन गर्न चाहनेहरुलाई द्धितिय स्रोतको रुपमा सहयोग पुऱ्याएकोछ।

उपयुक्त कुराहरुमा सहयोग पुऱ्याउने र स्वास्थ्य संग प्रत्यक्ष र परोक्ष रुपमा सम्बन्ध राख्ने पक्षहरुको अध्ययन गर्ने र योजनाहरु तर्जुमा तथा नीति निर्माण कार्यान्वयनमा यसको महत्व झल्केको छ।

## १.६. अध्ययनको परिसीमा

कुनै पनि विषयवस्तुको सन्दर्भमा अध्ययन गर्नु पूर्व अध्ययन गरीने क्षेत्रको वर्तमान समस्या र सवालहरु के के छन ? तिनीहरुको कसरी पहिचान गर्ने सन्दर्भमा ठोस किटान गर्नु पर्ने हुन्छ । त्यसको लागि सर्वप्रथम लक्षित क्षेत्रको अध्ययन गर्न अत्यन्तै जरुरी हुने हुदा यसका लागि निश्चित समस्यालाई सिमित गरी स्रोत र साधनले समेट्न सक्दैन । यस आधारमा अध्ययनका पछि समय स्रोत र साधनका निश्चित सिमितताहरु छन जसलाई निम्नानुसार उल्लेख गर्न सकियो।

महिला हिंसाका विभिन्न रुपहरु मध्ये तेजाप आक्रमण पनि एक प्रमुख हिंसाको समस्या रहेको हुनाले यसले मानव स्वास्थ्यमा नराम्रोसंग जरा गाडेको कारणले गर्दा कतिपय शिक्षित व्यक्तिहरुबाट नै महिलाहरु पीडित भइरहेका छन ।

क) यो अध्ययन रामधुनी नगरपालिका वडा नं.७ का मन्दिर टोल र मुस्लिम टोलका १०० घरधुरी मध्ये ५० घरधुरीमा मात्र सिमितरहेकोछ।

ख) यो अध्ययन सोहि वडाका महिला हिंशा र यसले स्वास्थ्यमा पारेको असर सम्बन्धी ज्ञानमा केन्द्रित रहेको छ।

ग) यो अध्ययन उदेश्यमुलक विधिबाट अध्ययन गरिएकोछ।

घ) प्रस्तुत अध्ययन सिमित स्रोत साधन र समय भित्र रही तयार गरिएकोछ।

## १.७. अध्ययनमा प्रयोग भएका प्राविधिक शब्दको परिभाषा

यो अध्ययन प्रस्तावना तयार पार्ने क्रममा प्रयोग भएका शब्दहरुलाई यहाँ संक्षेपमा निम्नानुसार उल्लेख गरीएको छ ।

### अध्यनमा प्रयोग भएका प्राविधिक शब्दको परिभाषा

लैङ्गिक हिंसा: लिङ्गको आधारमा गरिने भेदभाव, दुर्व्यवहार, अपमान ढंगमा महिला माथि चोट हानि पुर्याएर प्रभाव पार्ने समस्या हो ।

- धम्की = डरत्रास
- अखण्डता = खण्ड खण्ड नभएको
- अल्पसंख्यक = कम संख्यामा
- छाउपडी = प्रथा महिनावारी हुने गोठमा राख्ने चलन (बन्द कोठामा राख्ने परम्परा)

रिफरल :- पोषण अर्को स्थानमा पाउने बढाउने कार्य

प्रादुर्भाव :- उत्पत्ति

प्रभाव :- असर

नियन्त्रणमुखी = बसमा राख्ने, नियममा बाँधेर राख्ने

सेन्सर = भौतिक राशिलाई नाप्ने कार्य गर्छ

अभिलेख = पत्थर अथवा धातुको सामानको वडा सतहमा खोपेर बनाइएको पढाउने सामग्री

सिर्जना = उत्पत्ति

## अध्याय दुईः सम्बन्धित साहित्यको पुनरावलोकन

महिला हिंसा बढ्दै जानुको मुख्य कारण अराजक स्थिति, शिक्षा, चेतनाको अभाव, फितलो कानुन,मदिराजन्य पदार्थको खुल्ला विक्रि वितरण र विज्ञापनको प्रयोग, सर्कस आदिमा महिलाहरुको प्रयोग विभिन्न सञ्चारका माध्यमहरु, युट्युव, गीत, सामाजिक सञ्जालमा आएका विकृतिहरु, पारिवारिक वेमेल, बहु विवाह, बाल विवाह, अन्तर जातिय विवाहका कारण विचार भावना संस्कृतिमा मिलान नहुनु र रुप सौन्दर्य र धन सम्पतिको प्रलोभनमा परेर पनि हिंसाका घटनाहरु बढी रहेका छन ।

(ABC नेपाल बिराटनगर २०७७ )हरेक वर्ष नोभेम्वर २५ देखि डिसेम्वर १० सम्म विश्वभरि नै लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउने गरिन्छ । नेपालमा पनि हामीले "लैङ्गिक हिंसा अन्त्यको प्रतिवद्धता व्यक्ति समाज र सबैको ऐक्यवद्धता" भन्ने मुल नाराका साथ १६ दिने अभियान मनाइ रहेका छौँ । दिवस मनाइ रहदा पनि महिला हिंसाको घटनामा कमी आएको छैन ।

महिला हिंसा वा लैङ्गिक हिंसा नेपाली समाजको एक निकृष्ट रुप हो । जसले २१ औं शताव्दीको अत्याधुनीक प्रविधिगत र समातामुलक समाजमाथि नै प्रश्नवाचक चिन्ह खडा गरि दिएको छ ।

(ABC नेपाल विराटनगरको प्रतिवेदन)नेपालको सन्दर्भमा कुल जनसंख्याको आधा भन्दा बढी हिंसा ओगटेका महिलाहरु अहिले सम्म पनि विभेद, असमानता, अन्याय तथा विभिन्न खालका हिंसाको शिकार भइरहेका छन ।

पितृसत्तात्मक नेपाली समाजमा महिलाहरुलाई दोश्रो दर्जाको नागरीकका रुपमा गरिने व्यवहार जारि छ । महिला र पुरुष बीच विद्यमान सामाजिक विभेदका कारण महिलामाथि हिंसा भइरहेको छ ।

### २.१. सैदान्तिक साहित्यको पुनरावलोकन

महिलामाथि हत्या, बलत्कार, यौन दुर्व्यवहार, अपहरण, बेचविखन, कुटपिट, आगो लगाउने, विष खुवाउने, एसिड खन्याएर कुरुप बनाउने, दैनिक घर व्यवहारबाट वन्चित गराउने, आत्म सम्मानमा चोट पुऱ्याउने जस्ता घटना भइरहेका छन ।

राष्ट्रिय महिला आयोगको प्रतिवेदन (२०७७) २०६८ सालको जनगणना अनुसार नेपालको ५१.५ प्रतिशत जनसंख्याको हिस्सा महिलाहरुले ओगटेको पाइन्छ । पितृसत्तात्मक सोचका कारण महिला हिंसा दिनानुदिन बढ्दै गएको छ । जसको प्रमाण स्वरुप महान्यायधिबक्ताको कार्यालय र प्रहरीको तथ्याङ्कलाई लिन सकिन्छ । महान्यायधिवक्ता र प्रहरीको तथ्याङ्क अनुसार दिनमा ६ महिला बलात्कृत हुने गरेका छन । आर्थिक वर्ष २०७०।७१ मा ५५९ बालीका बलात्कारको शिकार भएका थिए । गत वर्ष यो संख्या १३९३ पुगेको छ । चालु आर्थिक वर्षको असोजमा ७२२ महिला बलात्कृत भएको प्रहरीको तथ्याङ्क छ ।

(प्रशासन.Com मङ्सिर २०७७ शर्मा निराजनको लेख) बाल विवाह, बहु विवाह, घरेलु हिंसा र बोक्सीको आरोपमा यातना दिने क्रम घटेको देखिएन । नेपाल प्रहरीका अनुसार घरेलु हिंसाको विगत पाँच वर्षको विश्लेषण गर्दा आ.व. २०७१।७२ मा ८२८६ रहेकोमा आ.व. २०७४।७५ मा आइपुग्दा १२२२५ घटनाहरु घटेका छन । ग्लोबल लेङ्गिक ग्याप सुचकाङ्क २०१६ का अनुसार लेङ्गिक समानतामा नेपाल १४४ राष्ट्र मध्ये ०.६६१ सहित ११० नम्बरमा पर्दछ ।

(प्रशासन.Com मङ्सिर शर्मा निराजनको लेख) नेपालले महिलाविरुद्ध हुने सबै प्रकारका विभेद उन्मुलन गर्ने सम्बन्धी महासन्धी अनुमोदन गरेको छ । महिलाको क्षमता, श्रम र सीप सिर्जनालाई प्रोत्साहन गर्ने सुखद कानुनी व्यवस्था हुदाहुदै पनि सामाजिक संस्कार र संरचना एवं सङ्किर्ण सोचाइका कारण गुणात्मक सुधारले फड्को मार्न सकेको छैन ।

"महिलाहरुलाई स्वतन्त्र छाड्नु हुदैन ।"

"छोरालाई काखा, छोरीलाई पाखा ।" भन्ने उख्खान ताजा नै छन ।

नेपालको संविधान प्रस्तावनामा नै लैङ्गिकताको विषय उठाएको, मौलिक हकहरुको व्यवस्था गरिएको, घरेलु हिंसा -कसुर तथा सजाय) ऐन २०६६, मुलुकी अपराध सहिंतामा बालात्कारलाई गम्भीर अपराध सहिंताको रुपमा परिभाषित गरीएको, नेपालले महिला विरुद्ध हुने सबै प्रकारका विभेद उन्मुलन गर्ने सम्बन्धी महा सन्धी अनुमोदन गरेको, नेपाल संयुक्त राष्ट्रिय संघिय सुरक्षा परिषदका घोषणाहरु १३२५ र १८२० कार्यान्वयनका लागि कार्य योजना बनाउने दक्षिण एसिया कै पहिलो राष्ट्र भएता पनि कार्यान्वयन पक्ष भने फितलो नै

देखिन्छ । महिला ओसारपसार तथा मानव वेचविखनका घटनाहरु नियन्त्रणमा आउन सकेका छैनन् ।

महिला हिंसा नयूनिकरणका लागि निम्नानुसारका उपायहरु अवलम्बन गर्न उचित देखिन्छ ।

क) दिन प्रतिदिन बढ्दै गएको हत्या हिंसा, बलात्कारका घटनाले असुरक्षा, अशान्ति र दण्डहीनतालाई बढावा दिएकोमा यसको अन्त्यका लागि राज्य जिम्मेवार बनी मानव अधिकारको रक्ष ागर्न जरुरी देखिन्छ ।

ख) अपराधीलाई कनुनको दायरामा ल्याएर उचित कानुनी उपचार दिई पीडितलाई क्षतिपूर्तिको सुनिश्चितता गरिनु पर्छ ।

ग) तीन तहको सरकारले समाजमा यस्ता अपराधिक घटना हुन नदिन जनताको जीवन रक्षाको जिम्मा लिनुपर्छ ।

घ) बलात्कारपछि महिलाको हत्या गर्ने र प्रमाण नष्ट गर्ने प्रवृति बढ्दो छ । यसलाई कडा कानुन बनाई कार्यन्वयन गरिनु पर्छ ।

ङ) महिला आफूमा नै कसरी सुरक्षित रहने भन्ने चेतना जागृत भएन भने हिंसा र हत्याका घटना भइरहन्छन यसका लागि सबै क्षेत्रमा शसक्तिकरण गर्न जरुरी छ ।

च) यसको न्यूनिकरण गर्न परिवार र समाजको उतिकै दायित्व हुन्छ ।

छ) यौनजन्य अपराध हत्या हिंसाका विरुद्ध पुरुषकै नेतृत्वामा जनचेतना अभियान सञ्चालन गर्न सकियो भने महिला हिंसालाई केही रुपमा न्यूनिकरण गर्न सकिन्छ ।

## २.२. व्यवहारिक साहित्यको पुनरावलोकन

(नेपाल प्रहरीको तथ्याङ्क)महिला हिंसाको वर्तमान अवस्थालाई हेर्दा दैनिक ७ वटा बलात्कार, बलात्कार पछि हत्या बन्दाबन्दीको समयमा लैङ्गिक हिंसाका कारणले ४७ महिलाको हत्या भएको घटनाले महिला तथा बालीका माथि हुने हिंसाको कहालिलाग्दो अवस्था जो हाम्रो समाजमा देखाएको छ । नेपाल प्रहरीको पछिल्लो ६ महिनाको ९ चैत २०७६ देखि २०७७ को तथ्याङ्कले समेत बलात्कारको संख्या १२२१ भएको देखाउँछ । बलात्कारका घटनामध्ये झण्डै ९० प्रतिशत घटना परिचित व्यक्तिहरुबाट भएका छन । राज्यकै निकायले दिएको तथ्याङ्क साथै महिला र बालीकाको अनुभवले बताउँछ ।

धेरै महिला र बालीकाहरुले बलात्कार पछाडी अल्पायुगमा आफ्नो ज्यान गुमाउन परिरहेको छ र बलात्कृत महिला र किशोरीले घटना पश्चात भोग्ने शारीरिक, मानसिक, सामाजिक तथा घरेलु हिंसा झन कष्टकर रहेको छ । किन बलात्कारका घटना हाम्रो समाजमा दिनदिनै बढिरहेका छन ? किन भने पिडित प्रभावितले न्याय प्राप्त गर्न सहज वातावरण छैन । हामी चाहन्छौ हिंसा नहुने वातावरण प्रभावितको सामाजिक न्याय तथा कानुनी न्यायको अधिकार सुनिश्चितताको वातावरण निर्माण होस् ।

नेपाल प्रहरीको तथ्यांक २०७६/७७ (ABC नेपाल विराटनगर)

- नेपालको ८० प्रतिशत सार्वजनिक यातायातमा महिला माथि दुर्व्यवहार हुने गरेको छ ।
- लैङ्गिक हिंसाबाट पीडित ६६ प्रतिशत महिलाले कसैसँग सहयोग माग्न सकेका छैनन् ।
- १५ देखि ४९ वर्ष उमेर समुहका ७ प्रतिशत महिला आफ्नो जीवनकालमा कम्तिमा १ पटक यौन हिंसामा परेका छन् ।
- १५ देखि ४९ वर्ष उमेर समुहका २६ प्रतिशत विवाहित महिला आफ्नो जीवनकालमा पतिबाट भावतात्मक, शारीरिक र यौनजन्य हिंसामा परेका छन ।
- १७ प्रतिशत महिलाहरुले १ वर्षमा १ भन्दा बढी किसिमका हिंसा भोगेका छन ।
- ३७ प्रतिशत बालबालिकाहरुको १८ वर्ष भन्दा कम उमेरमा विवाह भएको छ भने १० प्रतिशतको १५ वर्ष नपुग्दै विवाह भएको पाइन्छ ।
- २८.५ प्रतिशत महिलाहरुले निश्चित परिस्थितिमा कुटाई खानु सामान्य हो भनेर मान्ने गरेका छन ।

हंसा प्रभावित महिलाहरुले कानुनी निराकरणमा जाँदा विभिन्न समस्याहरु भोग्नु पर्दछ । जस अन्तर्गत पीडितले आफ्नो समस्याहरु वा पीडाहरु भन्ने ठाँउको अभाव रहेको छ ।

- १८  वर्ष भन्दा माथिका उमेर समुहका महिलाहरुको हकमा बलात्कारका मुद्धा दर्ता गर्न प्रहरीकोमा जाँदा महिलामैत्री व्यवहार (बोल्ने भाषा, बोलीचाली) नहुनु ।
- स्थानिय निकायहरुले कानुनी प्रक्रियामा जाने विकल्पहरु दिने भन्दा पनि स्थानीय स्तरमा नै अधिकांश घटनाहरु मिलाइ दिने गरेका छन्।

- बहुविवाहको पीडित महिलाहरुलाई बहु विवाहको प्रमाण जुटाउन एकदम गाह्रो हुने । हिंसा प्रभावित महिलाहरुलाई स्वास्थ्इ परीक्षण र उपचार गर्न अस्पतालमा लैजादा बाँस राख्नु पर्ने अवस्था भएमा स्थानको अभाव ।

Genderभन्नाले पुरुषतत्व  नारी तत्व सँग सम्बन्धित विशेषता र व्यवहारलाई जनाउँछ । लैङ्गिकतालाई सामाजिक संरचनाले निर्धारण गर्दछ । सामाजिक मूल्य, माल्यता तथा प्रचलन अनुसार महिला पुरुषले अपनाउने व्यवहार तथा भूमिकालाई जनाउँछ ।

समाजको धर्म, संस्कृति, मूल्य, मान्यताको आधारमा महिला र पुरुषले भिन्ना भिन्नै भूमिका र व्यवहार गर्नु पर्दछ । समाजका महिला र पुरुषको अवस्था सम्बन्ध तथा असमानताहरुको बारेमा सूचना संकलन गर्ने विश्लेषढा गर्ने गर्दछ सामुदायिक (स्वास्थ्य तथा संगठन एम.एड.) ।

(www.नागरिक.comStatus of woman in Nepal Everest uncensored)मानव सभ्यताको ढुङ्गे युगदेखि आजको २१ शताब्दी सम्म गतिशील तवरले सांसारिक अस्तित्वमा आधारित मानविय समानता र समतामुलक समाजको निर्माण गर्न प्रकृतिले नै महला अति पुरुष नामक चेतनशील मानवजातीको निर्माण गर्‍यो । आदिमकालबाट फिरन्ते हुदै पारिवारिक संस्थामा प्रवेश गर्दासम्म केही मातृसतात्मक अवशेषहरु पाइएता पनि समयको कालखण्डसँगै घर, परिवार, बच्चा अति सामाजिक दायित्वका कारण बाह्य पृष्ठभूमिबाट आधा आकाश ओगटेको महिलाहरु खुम्चिदै लैङ्गिक हिंसाको दुस्चक्रमा मिसिनु पर्ने असहज परिस्थिति बन्दै गयो । परिणम स्वरुप महिलाहरु शारीरिक, मानसिक, तथा मनौवैज्ञानिक रुपमा कमजोर मानिनुका साथै घरको चारभित्ता भित्र कलियुगका कैदी बन्दी सरह व्यवहार गरियो । चाहे त्यो विकसित भएको देशको इतिहासमा होस या त विकाससोन्मुख देशमा । मान्छे-मान्छे बीचमा अमानविय अर्थात हिंसाको वृहत खाडल निर्माण भयो । आज संसारका १.३ मिलियन मान्छेहरु गरिब भएको र ति मध्ये ६० प्रतिशत मानिसहरु त महिला भएको तथ्यStatus of woman in Nepal Everest uncensored भन्ने लेख अर्थात साइटले आफ्नो पृष्ठभूमिका उल्लेख गरेको छ । तिनीहरु मध्ये २७ मिर्लियन महिलाहरु जो शरनार्थी जीवन बाची रहेका छन । हामी कल्पना गर्न सक्छौ कि ती महिलाहरुको जीवन स्तर कस्तो होला ?

(हाम्रो सञ्चार २०७७।९।२७, कुमारी, महरा प्रकाशित २०७४।११।२४)संसारका त्यस्ता देशहरु छन, जसले महिलाहरुलाई दोश्रो दर्जाका नागरिक ठान्नु र व्यवहार गर्नु कुनै आपतिजनक कुरा नभएर महिलाहरुले आफ्नो दिइएको पारिवारिक तथा सामाजिक भूमिकाबाट केही परिवर्तन गर्न खोज्यो भने सिंगो सांस्कारिक, पारिवारिक तथा सामाजिक संस्थामा नै भूकम्प जाने परिपाटी हामी कहाँ उत्तिकै प्रज्वलनशील छ । जन्म उत्सव देखि मृत्यु संस्कारसम्म भेदभावको शिकार बनाइने महिलाहरु बाल विवाह, बहु विवाह, बलात्कार, यौन हिंसा, बेचविखन, बलपूर्वक वेश्यावृतिमा लगाइनुका साथै प्रथाको अभिश्राव तुल्याइन्छ ।

(एसिया फाउण्डेशन २००३-२००४ को प्रतिवेदन)नेपाल एशियाकै सबैभन्दा उच्च मातृमृत्यु दर भएको देश हो, जसको एउटा म्रमूख कारण आत्महत्या हो ।मर्ने त मरिसके बाँच्नेहरु पनि निरासापनको शिकार बनेको अवस्था नेपालको तथ्यगत दुरभाग्य हो । संसारको चेतनशील प्राणी मानिने मानिसहरु बीच झैझगडा हिंसा, शोषण अन्याय, अत्याचार र चरम यातनाको खेल खेलाई जिउदो लास तुल्याउने यस मानव समाजमा मानव विकासको कुरासमतार समानताका कुरा अति समग्र समुन्नत राष्ट्र विकासको कुरा , नेपालको महिला हिंसाको विरुद्धका तथ्य नामक २०१२-१२-४ को लेखमा रमेस भण्डारीले भने, नेपालमा ५२ प्रतिशत महिलाहरु महिला हिंसा विरुद्धका मानसिक दवाबमा बाँचिरहेका छन भने तिनीहरु मध्ये ७८ प्रतिशत साक्षर नै छन । हिंसा सहदै बाँचिरहेका महिला घाइतेहरु मध्ये २५ प्रतिशत मात्र औषधी उपचार गराएका छन भने ८६ प्रतिशत महिलाहरु आफ्नै समुदायमा असुरक्षित छन । २० प्रतिशत महिलाहरुले मात्र कानुनीगत रुपमा न्याय पाएका छन ।

हिंसा पीडितहरुले इज्जत जाने र न्याय नपाइने डरले निरासावादी सोच, चिन्तनका कारण आफै वा दवाएर लुकाएर राख्ने भएकाले सहि तथ्याङ्क प्राप्त गर्न सकिरहेको छैन र यो चुनौतीपूर्ण भएर महिलाहरु हिंसा वा घरेलु हिंसा नेपालको एक गम्भीर समस्याका रुपमा रहेको पाइन्छ ।

## २.३. पुनरावलोकनको उपदेयता

महिला हिंसा र यसले स्वास्थ्यमा पारेका समस्याहरुको अध्ययन गर्नका लागि रामधुनी न.पा. वडा नं.- ७ का ५० घरधुरीलाई समावेश गरीएको छ । हाम्रो समाजमा भइरहेको एक हिंसात्मक घटनाहरु भध्ये महिला हिंसा पनि एक प्रमुख समस्या हो ।

समाजमा भइरहेका हिंसात्मक घटनाहरु मध्ये महिला हिंसा पनि एक प्रमुख समस्याको रुपमा रहेको छ । हिंसात्मक घटनाले समाजमा र स्वास्थ्यमा पारेको प्रभाव के कस्तो छ र यसको न्यूनिकरणको लागि चालिएका कदमहरु अध्ययनको क्रममा पुनरावलोकनले अध्ययन गरीएका केही सान्दर्भिक साहित्यलाई अध्ययन प्रतिवेदनमा पनि समावेश गरिएको छ। यो शोधप्रस्ताव तयार पार्ने त्रममा शोत्रपत्र, लेख, रचना आदिको अध्ययन र विश्लेषण गर्दा महिला हिंसा र यसका असर सम्बन्धी विषयमा गरीएका विभिन्न अध्ययन अनुसन्धान र जानकारीहरु प्राप्त गर्ने अवसर प्राप्ति मिलेकोछ :-

- शिर्षक छनोटमा सहयोग
- उद्देश्य निर्धारणमा सहयोग
- अनुसन्धानको शिर्षक र विभिन्न उपशिर्षकहरु बीच क्रमश मिलाउन र व्याख्या र विश्लेषण गर्न सहयोग पुगेकोछ।
- अध्ययनको क्रममा शीषृक छनोट देखि अध्ययन पूरा नहुदासम्म पुराना तथा सैद्धान्तिक र व्यवहारिक विभिन्न साहित्यको पुनरावलोकन गर्न अध्ययनमा सहयोग पुगेकोछ।


## २.४. अध्ययनको सैद्धान्तिक खाका

लैङ्गिक हिंसाले गम्भिर स्वास्थ्य समस्याहरु निम्त्याउँछ, जसले महिलाहरुको शक्तिलाई कमजोर बनाउने, शारीरिक, मानसिक स्वास्थ्य असर पर्ने र उनीहरुको आत्मसम्मानमा चोट पुऱ्याउने गर्दछ । हिंसाको असर र प्रभाव प्रभावित महिलामा मात्र सिमित नरही प्रभावितका बालबालिका, परिवार र सिङ्गो समाजमा नै पर्दछ । यसै कारणले गर्दा उनीहरु आफ्नो क्षमता अनुसार काम गर्न सक्दैनन् । आर्थिक अवस्था विग्रदै गउका मानिसहरुलाई समाजले पनि हेलागर्ने, समाजबाट बाहक बनाउने वा उसको गरीबीलाई कारण देखाउँदै बोक्सी जस्ता परम्परागत, अन्धविश्वासमा लागेर तपाइ हामीले नै उसलाई आत्महत्या गर्ने तर्फको बाटोमा डोऱ्याइरहेका हुन्छौ ।

(नारी पत्रिकाको लेखबाट २०७७-९-३)नेपालमा मात्रै हरेक १०० जनामा करिब २५ जनाले आवेगमा आएर आत्महत्या गरेको प्रहरीको तथ्याङ्क छ, । त्यस्तै गरेर १५ जनाले पारिवारिक कलहको कारण्ले र अरु १५ जनाले मानसिक तथा दीर्घ रोगको कारणले आत्महत्या गरेको तथ्याङ्क प्राप्त हुन्छ ।

चित्र नं.-१ अवधारणात्मक ढाचा

महिला हिंसाका कारणहरु




यस अवधारणात्मक ढाँचाबाट के प्रष्ट हुन आउछ भने महिला हिंशाका कारणहरू हरूमा

हिंसात्मक सम्बन्धबाट पैदा हुने निरन्तरको तनावले प्रतिरोधात्मक प्रणालीमा समेत प्रभाव पार्दछ । जसले गर्दा ग्यास्टोइटेस्टाइनल डिसअर्डर, दिर्घकालीन दुखाई, उच्च रक्तचाप र मुटु रोग हुने एवं इन्सुलिनमा भर पर्नु पर्ने, मधुमेह हुने, गर्भवती अवस्थामा समस्या हुने रोग हुने एवं इन्सुलिनमा भरपर्ने, रक्तनलीमा समस्या हुने, कम तौल भएको बच्चा जन्मीने, समय

भन्दा अगाडी नै बच्चा जम्मीने हुन सक्छ । केही महिलाहरुले हिंसात्मक सकारात्मकपरिमाणहरु दबाउन रक्सी सेवन गर्ने, औषधी सेवन गर्ने, चुरोट र अन्य नशात्मक औषधी प्रयोग गरेका छन ।

पुरुषको नियन्त्रणमुखी व्यवहारले महिलाको सामाजिक व्यवहार र सम्बन्धमा समेत बाधा पुऱ्याउछ । जस्तै पारिवारिक वेमेल, अविश्वास र शंका गर्ने अर्को पुरुषप्रति आक्रोस हुने, कुनै काम गर्दा उसको अनुमति लिनु पर्ने हुन्छ । जसले गर्दा हिस्रक व्यवहारले महिला प्रति यौनजन्य समस्याहरु भइ स्वास्थ्य सेवा र सुविधाबाट बञ्चित हुनु परेको छ ।

यसका लागि महिला हिंसा न्यूनिकरणका उपायहरु अवलम्बन गर्नुपर्ने देखिन्छ, जसमा

- हिंसा अन्त्यका लागि हातेमालो
- पुरुष मानसिकतामा सकारात्मक परिवर्तन
- महिला शिक्षा
- महिलामैत्री पाठ्यक्रम निर्माण र कार्यान्वयन
- कानुन वनाएर कार्यान्वयन गर्ने
- कडा सजायको व्यवस्था गर्ने
- सामाजिक सञ्जाललाई सेन्सर गरेर प्रयोग गर्ने
- महिलाको सम्मान गर्ने
- सरकारी नीति निर्माण तहमा महिलाको सहभागिता गराउने

त्यस्तै गरेर महिला हिंसा रोक्ने दिर्घकालीन उपायहरु :

- महिला आफै सचेत हुने
- राज्यको प्रत्यक्ष अनुभूति
- महिला हिंसा विरुद्धको कारवाही
- महिलाको साझा संगठन निर्माण महिलासँग मिडिया कार्यक्रम
- पुरुषको भूमिका सधै सम्मान हुनुपर्ने
- महिलाका लागि महिला
- महिला हिंसा सहभागिता तथा आत्म निर्णयको अधिकार

# अध्याय तीन : अध्ययन विधि

## ३.१ अध्ययन विधि

यो अध्ययन अनुसन्धान महिला हिंसा र यसले स्वास्थ्यमा पार्ने असर सम्बसन्धित पूर्वज्ञानको पुनरावलोकन उपयुक्त तरिका प्रयोग गरी तथ्याङ्क संकलन प्रस्तुति विश्लेषण गरिएको छ। यस अनुसन्धान विश्लेषणात्म ढाँचामा प्रस्तुत गरिएको छ । अनुसन्धानलाई विश्वशनीय र वैद्यता प्रदान गर्न खास गरी अर्न्तवार्ता द्वारा निष्कर्षमा पुगीएको छ ।

## ३.२ अध्ययनको क्षेत्र

नेपालको पूर्वाञ्चल विकास क्षेत्र कोशी अञ्चल भित्र पनि प्रदेश नं. १ मा रहेको सुनसरी जिल्लाको पूर्वउत्तर पट्टी रहेको पुरानो बक्लौरी गाउँ विकास समिति र हाल रामधुनी नगरपालिका वडा नं. ७ मा खोलाको किनारमा बसोबास गर्ने मुस्लिम टोलमा रहेका अति विपन्न गरिब र अशिक्षित समुदाय रहेको छ । पश्चिम महेन्द्र राजमार्गको इटहरी उपमहानगरपालिकाबाट,इटहरी इनरुवा र महेन्द्र राजमार्गबाठ कान्छीचौक चतरा सडकखण्ड अन्तर्गत रहेको कच्ची बाटोमा करीव ३ किलोमिटर उत्तरपट्टि यो मुस्लिम टोल अवस्थित छ । यसमा एउटा मुस्लिम धर्मालम्बीहरुको मस्जीतसमेत रहेको छ । खोलाले एक अर्को वडालाई छुट्याएको छ ।

हाल आएर एक दुई घरका मुस्लिम बालबालिकाहरु यसै वडाको सिमानामा पर्ने वडा नं. ६ मा अवस्थित र विद्यालय रहेकोले त्यहाँ गएर अध्ययन अध्यापन गर्ने गर्दछन ।

त्यस्तै गरेर वडा नं. ७ मा रहेको आदीवासी जनजाती र अल्पसंख्यक जनजातीहरु रहेको मन्दिर टोल र मुस्लिम टोलमा रहेका ५० घर धुरीको जनसंख्यालाई यस अध्ययन क्षेत्रको रुपमा छनोट गरीएको छ ।

## ३.३ नमूना छनोट र नमूनाको आकार

कुनै पनि वैधानिक अध्ययन अनुसन्धानका लागि समस्याहरुसँग सम्बन्धित सबै व्यक्तिहरुबाट प्रतिनिधित्व हुने गरी समुदाय तथा घरधुरी छनोट गरिएको छ। यसै क्रममा रामधुनी नगरपालिका वडा नं. ७ का मन्दिर टोल र मस्लिम टोलमा बसोबास गर्ने १०० घरधुरीमा रहेको संख्याबाट ५० घरधरीलाई आकस्मिक नमूना छनोट अनुसार छनोट गरी अध्ययनका लागि आवश्यक पर्ने सम्पूर्ण तथ्याङ्क संकलन गरिएकोछ।

कुनै पनि विषयवस्तुको तथ्याङ्क संकलन गर्नु आफैमा एक जटिल विषय भएको कारणले तथ्याङ्क संकलनका लागि वडा नं. ७ को मन्दिर टोल र मुस्लिम टोललाई समेटेर प्रश्नावलीका आधारमा नमूना संकलन गरिएको छ।

यसका साथै कुनै पनि नमूना संकलन गर्नका लागि सम्बन्धित विषय छनोट पश्चात समय र खर्चलाई मध्यनजर गर्दै सरलता प्रदान गर्नका लागि सुविधाजनक नमूना छनोछ र उद्देश्यमुलक नमूना छनोटको उपयोग गरिन्छ । यसलाई सार्थक बनाउनका लागि आमा समुहका प्रतिनिधि वडाका प्रतिनिधिहरुलाई उद्देश्यमुलक नमूना छनोट विधि र २ वटा समुहका व्यक्तिहरुलाई ५० जना आकस्मीक नमूना छनोट  विधिको उपयोग गरिएकोछ।

यसमा अध्ययन प्रक्रियामा प्राथमिक र द्धितिय स्रोतका रुपमा प्राथमिक स्रोत अभिभावक, समाजसेवी, बुद्धीजीविहरु र समुदायका ५० जना मानिसहरुसँग प्रश्नावली तथा अर्न्तवार्ता रहेका छन भने द्धितिय तथ्याङ्कका स्रोतहरुमा अभिलेख, पुस्तक, पत्रपत्रिका, न.पा.का. डाटा आदीलाइलईयो।

### ३.४ तथ्याङ्क संकलनका साधनहरु

यस अध्ययन अनुसन्धान गरी सोधपत्र तयार पार्ने क्रममा विभिन्न तथ्याङ्कहरुको स्रोत अध्ययन क्षेत्र समुदाय नै हुन । मैले यस अध्ययन कार्य पुरा गर्नका लागि निम्न माधनहरुको प्रयोग गरिएको छः-

### ३.४.१ अन्तर्वार्ता तालिका

यस सोधपत्र तयार पार्ने क्रममा रामधुनी न.पा.का वडा नं. ७ मा मन्दिर टोल र मस्लिम टोल गरी २ वटा समुहहरुमा बसोबास गर्ने जनताहरुमा महिला हिंसा र यसले स्वास्थ्यमा पर्ने असरहरुको बारेमा सम्बन्धित रहेर निर्माण गरिएको अध्ययन क्षेत्रका ५० जना मानिसहरुलाई सोत्रपुछ गरी तथ्याङ्क संकलनगरियो।

विभिन्न प्रकारले पुरक प्रश्नहरु सोधेर सत्य तथ्य थाहा पाउने प्रयास गरिएको छ। यसै प्रश्नमा छुट भएमा तर विषयवस्तुसँग सम्बन्धित रहेर अरु कतिपय कुराहरु प्रत्यक्ष अर्न्तवार्ताको माध्यमबाट संकलन गरिएको छ।

### ३.४.२ प्रत्यक्ष अवलोकन

यो अध्ययनमा यस क्षेत्रका जीवन पद्धति बसोबास, आचरणर त्यहा अवस्थित जनतामा परेको स्वास्थ्य सम्बन्धी असर,ज्ञानबारे उत्तरदाताहरू सँग छलफल तथा अवलोकन गरि तथ्यांक संकलन गर्नमा सहयोग पुगेको छ।

यसका साथै स्थानिय बुद्धिजिवी, आमा समुहका सदस्यहरु न.पा.का प्रतिनिधिहरुसँग छलफल अभिलेखहरु, न.पा.बाट डाटाहरु लिएर द्धितिय स्रोतको रुपमा सोधसार तयार गरिएको छ।

### ३.५ तथ्याङ्क संकलन प्रक्रिया

तथ्याङ्क संकलनका लागि सर्वेक्षण समुदायद्धरा बनाइएको प्रश्नावली तथा अर्न्तवार्ता तालिकाको प्रयोगद्धारा समुदायमा हुने गरेका विभिन्न हिंसात्मक घटनाहरु मध्ये महिला हिंसा र यसले स्वास्थ्यमा पारेका असहरु सम्बन्धी तथ्याङ्क संकलन गरियो।

यसका साथै समुदायमा भएका लैङ्गिक हिंसाहरुलाई मध्यनजर गर्दै महिला भएको कारणले हेपिनु पर्ने, कुटाइ खानु पर्ने, अवसर चुनौतिहरुको सामाधान गर्दै अगाडी बढ्ने क्रममा महिलाहरु आफ्नो घर परिवार समाज साथी भाई आफन्त र नातागोताबाट हेपिने , पीडित हुने गरेको पाइन्छ ।

आफ्नो जीवनमा भोगेका समस्याहरुलाई समेत डरको कारणले आफ्नो मनमा लुकाएर मानसिक रोगको शिकार हुन पुगेका छन । उनीहरुमा रहेका समस्याहरुलाई अरुसामु प्रकट गर्न नसकिरहेको बेला तथ्याङ्क संकलनका लागि सर्बेक्षण गर्न समुदायमा गएर प्रत्यक्ष सो समुदायका मानिसहरु जनप्रतिनिधि महिला समितिका सदस्यहरु पीडित व्यक्तिहरु र ५० घरधुरीका मानिसहरुसँग प्रत्यक्षरुपमा गएर प्रश्नावलीका आधारमा तथ्याङ्क संकलन गरिनेछ । त्यसका साथै प्रत्यक्ष अवलोकन निरीक्षण र सरसल्लाह जानकारीका आधारमा यो सोधसार तयार गरियो।

यसका साथै यो समुदायमा भइरहेका हिंसात्मक घटनाहरुले महिलाको स्वास्थ्यमा प्रभाव पारि भोली ठूलो दुर्घटना ननिम्त्याउला भन्न सकिन्न । त्यसका लागि समुदायका मानिसहरु सचेत भई हिंसामुक्त समाजको निर्माण गर्नमा सहयोगी पुलको का गरीनु पर्दछ । महिलाहरुलाई सम्मानजनक व्यवहार, शिक्षामा अगाडी बढाउनु पर्दछ भन्ने उद्देश्य अनुरुप छलफल र सहभागीताबाट प्रष्ट हुन आउँछ । सो अनुसार यो सोधपत्र तयार पारिएकोछ।

### ३.६ तथ्याङ्कका व्याख्या र विश्लेषण

रामधुनी नगरपालिका वडा नं.-७ भा.सि.को मन्दिर टोल र मुस्लिम टोलमा महिला हिंसा र यसले स्वास्थ्यमा पार्ने असर सम्बन्धी सोधपत्र तयार पार्नका लागि यस क्षेत्रमा सो समुदायमा भइरहेका हिंसात्मक घटनाहरुलाई सर्वेक्षण कार्यक्रम सञ्चालन गरी सकेपछि तथ्याङ्कलाई सांकेतिकरण प्रक्रियाबाट प्रस्तुत गरिएको छ। संकलित तथ्याङ्कहरुलाई विभिन्न समुह उप-समुहहरुमा विभाजन गरी तथ्याङ्कको स्तर मान्नका लागि व्याख्या विश्लेषण गरी आवश्यक तालिका र पाइचार्ट निर्माण गरी प्रस्तुत गरियो। यस अध्ययनले उक्त समुदायको महिला हिंसा र यसले स्वास्थ्यमा पारेको प्रभाव सम्बन्धी ज्ञान, धारणा र प्रयोग सम्बन्धी स्थलगत अध्ययन गरी महत्वपूर्ण कुराहरुका उदाहरणहरु प्रस्तुत गरिएको छ।

## अध्याय-४ तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण

प्रस्तुत अध्याय शिर्षक रामधुनि नगरपालिका वडा नं.-७ भा.सी. स्थित मन्दिर टोल र मुस्लीम टोलमा महिला हिंसा र त्यसले स्वास्थ्यमा पारेको असर सम्बन्धी अध्ययनका लागि संकलित गरीएको तथ्याङ्कलाई तालिका र पाइचार्टको आधारमा व्याख्या र विश्लेषण गरी सकभर शुद्ध र प्रस्ट पार्ने जमर्को गरीएको छ ।

जसको आधारमा तथ्याङ्कलाई आधारमानी व्याख्या र विश्लेषण गरिएको छ ।

### ४.१ जनसाङ्ख्यिकीय विवरण

यस शिर्षक अन्तर्गत रहेर उत्तरदाताको उमेर लिङ्ग, जाति, धर्म, पेशा, शिक्षाको स्तर आदि विभिन्न उपशिर्षक अन्तर्गत राखेर विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.१.१ पारिवारको संख्याको आधारमा उत्तरदाताको विवरण

यस रामधुनि न.पा.वडा नं.-७ मा गरिएको सर्वेक्षण १०० घरधुरी मध्ये ५० घरधुरीलाई अध्ययनमा समावेश गरिएको थियो । जसलाई प्रतिसत र तालिकामा यसरी प्रस्तुत गरिएको छ । जस अन्तर्गत यस समुदायमा वसोवास गर्ने व्यक्तिहरुको पारिवारिक विवरणलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

तालिका नं.-१परिवारको संख्यात्मक आधारमा उत्तरदाताको विवरण

| क्र.स. | परिवार संख्या | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २ | १० | २० |
| २ | ३ | १२ | २४ |
| ३ | ४ | ८ | १६ |
| ४ | ४ भन्दा बढी | २० | ४० |
| | जम्मा | ५० | १०० |

माथिको तालिकानुसार यस अध्ययनमा ५० घरधुरीमा २ जनाको परिवार हुनेको संख्या १० जना २० प्रतिशत, ३ जना हुने संख्या १२ जना २४ प्रतिशत, ३ जना हुने संख्या ८ जना १६ प्रतिशत र ४ जना भन्दा वढी संख्या हुने संख्या २० जना र ४० प्रतिशत जनसंख्या रहेको पाइयो । एकल परिवार भन्दा सयूक्त परिवारको संख्या वढी रहेको पाइयो ।

### ४.१.२ महिला हिंसा सम्बन्धी जानकारी हुने उत्तरदाताको विवरण

यस रामधुनी न.पा.वडा नं.-७ मा वसोवास गर्ने १०० घरधरी भध्ये ४० घरधुरीलाई अध्ययन गर्दा महिला हिंसा ज्ञान सम्बन्धीको विवरणलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ।

तालिका नं.-२महिला हिंसा सम्बन्धी ज्ञानको आधारमा उत्तरदाताको विवरण

| क.स. | महिला हिंसाको ज्ञान | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | थाहा छ | ४८ | ८६ |
| २ | थाहा छैन | २ | ४ |
| ३ | सुनेको छ | ० | ० |
| ४ | सुनेको छैन | ० | ० |
| जम्मा | | ५० | १०० |

माथिको तालिका अनुसार ५० घरधुरी मध्ये ४८ जना उत्तरदाता ९६ प्रतिशतलाई महिला हिंसाको बारेमा थाहा रहेको र २ जना अर्थात ४ प्रतिशत उत्तरदातालाई मात्र ज्ञान नभएको तालिका मार्फत थाहा पाइयो।

### ४.१.३ महिला हिंसाले पार्ने असर सम्बन्धी ज्ञानको विवरण

महिला हिंसाले स्वास्थ्यमा के कस्ता असरहरु पार्दछन भनि गरिएको सर्वेक्षण उक्त समुदायका ५० घरधुरीमा उत्तरदाताको संख्या निम्नानुसार छ।

तालिका नं.-३महिला हिंसाले पार्ने असर सम्बन्धी ज्ञानको विवरण

| क.स. | असरहरुको विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | असर पार्छ | ४५ | ९० |
| २ | असर पार्दैन | ० | ० |
| ३ | थाहा छ | ० | ० |
| ४ | थाहा छैन | ५ | १० |
| जम्मा | | ५० | १०० |

माथिको तालिकाबाट के प्रष्ट हुन्छ भने महिला हिंसाले मानव शरीरमा विभिन्न किसिमका असरहरु पार्ने गर्दछ भन्ने उत्तरदाताको संख्याबाट प्रष्ट हुन आउछ, जसमा महिला हिंसाबाट असर पार्दछ भन्ने जानकारी रहेका उत्तरदाताहरुमा ४५ जना ९० प्रतिशत र असर थाहा नभएको भन्ने उत्तरदाताहरुमा ५ जना १० प्रतिशत रहेको पाईयो ।

### ४.१.४ महिला हिंसाले स्वास्थ्यमा पार्ने असर सम्बन्धी उत्तरदाताको विवरण

यस रामधुनी न.पा.वडा नं.-७ मा गरिएको ५० घरधुरीमा सर्वेक्षण गर्दा महिला हिंसाबाट मानव जीवनमा स्वास्थ्यमा नकारात्मक असरहरु पर्दछन भनि यस तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

तालिका नं.-४महिला हिंसाबाट स्वास्थ्यमा पर्ने असर सम्बन्धी विवरण

| क्र.स. | असरहरुको विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | शारीरिक असर | ८ | १६ |
| २ | मानसिक असर | २० | ४० |
| ३ | यौनिक असर | ० | ० |
| ४ | चोटपटक | २२ | ४४ |
| जम्मा | | ५० | १०० |

यस तालिकाबाट के प्रष्ट हुन्छ भने महिला हिंसाबाट मानव जीवनमा कुनै न कुनै रुपमा असरहरु परिरहेको हुन्छ । यहि तालिकाको आधारमा हेर्दा शारीरिक असरमा ८ जना १६ प्रतिशत, मानसिक असरमा २० जना ४० प्रतिशत, यौनिक असर भन्ने छैन र चोटपटकमा २२ जना ४४ प्रतिशत असर पार्छ भन्ने उत्तरदाताको विवरण पाइयो ।

## ४.२ महिला हिंसा सम्बन्धी ज्ञानको विवरण

४.२.१ समाजमा हिंसा हुनु राम्रो कि नराम्रो भन्ने ज्ञान सम्बन्धी विवरण

यस अध्ययन सर्वेक्षणलाई हेर्दा समाजमा कुनै न कुनै रुपमा महिला हिंसा भइरहेको हुन्छ । जसवाट समाजमा नाकारात्मक असरहरु पर्ने भएकाले हिंसा गर्नु ठिक कि वेठिक भनि गरिएको ज्ञान सम्बन्धी विवरणलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

तालिका नं.-५समाजमा महिला हिंसा हुनु राम्रो कि नराम्रो भन्ने ज्ञान सम्बन्धी उत्तरदाताको विवरण

| क.स. | विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो | ० | ० |
| २ | नराम्रो | ५० | १०० |
| ३ | थाहा छ | ० | ० |
| ४ | थाहा छैन | ० | ० |
| जम्मा | | ५० | १०० |

यसबाट के प्रष्ट हुन आउछ भने समाजमा घर परिवारमा महिला हिंसा गर्नु हुदैन भन्ने उत्तरदाताहरुमा हिंसा नराम्रो कुरा हो । यसले घर परिवारमा नाकारात्मक असर पार्दछ भन्ने विवरण ५० जना सबैको १०० प्रतिशत नै रहयो ।

४.२.२ वोक्सीको आरोपमा यातना दिने हिंसात्मक रुपका बारेमा गरिएको उत्तरदाताको विवरण

यस क्षेत्रमा गरिएको सर्वेक्षणमा समाजमा हुने विभिन्न हिंसात्मक घटनाहरु मध्ये शारीरिक, मानसिक, यौनिक, जातिय हिंसाका रुपमा महिलाहरुलाई हेप्ने गाली, वेइज तगर्ने तथा मलमुत्र खुवाउने र वोक्सीको आरोप लगाउनु एउटा हिंसा हो । सोको विवरणलाई निम्नानुसार उल्लेख गरिन्छ ।

तालिका नं.-६वोक्सीको आरोपमा यातना दिदा हुने हिंसाको विवरण

| क.स. | विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला हिंसा | १२ | २४ |
| २ | सामाजिक हिंसा | ८ | १६ |
| ३ | घरेलु हिंसा | २० | ४० |
| ४ | लैङ्गिक हिंसा | १० | २० |
| जम्मा | | ५० | १०० |

यस तालिकालाई विश्लेषण गर्दा बोक्सीको आरोपमा यातना दिनु पनि एक हिंसात्मक कार्यले यसलाई घरेलु हिंसा भनिन्छ भन्ने उत्तरदाताहरुमा २० जना ४० प्रतिशत, महिला हिंसा भन्नेहरुमा १२ जना २४ प्रतिशत, लैङ्गिक हिंसा भन्नेहरुमा १० जना २० प्रतिशत र सामाजिक हिंसा भन्नेमा ८ जना १६ प्रतिशत उत्तरदाता पाइयो ।

### ४.२.३ पहिलो वच्चा जन्मीदा आमाको उमेर सम्बन्धी विवरण

यस अध्ययन क्षेत्रमा महिला हिंसाले पारेको प्रभावलाई प्रष्ट पार्ने क्रममा महिलाको उमेरले स्वास्थ्यमा असर पार्ने भएकाले यस आधारमा गरिएको सर्वेक्षणमा उत्तरदाताको विवरण यस प्रकारको छ ।

तालिका नं.-७पहिलो वच्चा जन्माउने आमाको उमेर सम्बन्धी विवरण

| क्र.स. | विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १५ वर्ष भन्दा माथि | ३ | ६ |
| २ | २० वर्ष भन्दा माथि | २० | ४० |
| ३ | ३० वर्ष भन्दा माथि | १८ | ३६ |
| ४ | ३५ वर्ष भन्दा माथि | ९ | १८ |
| जम्मा | | ५० | १०० |

यस तालिकाबाट के प्रष्ट हुन्छ भने किशोरावस्थामा वच्चा जन्माउने १५ वर्ष भन्दा माथि २० वर्ष भन्दा तल ३ जनाले वच्चा जन्माएको पाइयो । २० वर्ष देखि ३० वर्ष सम्म २० जना ४० प्रतिशत र ३० देखि ३५ वर्ष सम्म १८ जनाले र ३५ वर्ष भन्दा माथि ९ जना १८ प्रतिशतले वच्चा जन्माएको पाइयो ।

### ४.२.४ बच्चा जन्मीदा भएका समस्याहरुको विवरण

यस अध्ययन सर्वेक्षणमा रामधुनी न.पा.वडा नं.-७ भा.सि. मा रहेका ५० घरधुरीमा गरिएको अध्ययनमा आमा तथा बुवाहरुसँग सोधीएको प्रश्नमा आएको उत्तरहरुको विवरण यस प्रकारका छन ।

तालिका नं.-८बालबालीकामा भएका समस्याहरुको विवरण

| क.स. | विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समस्या भएको | ५ जना | १० |
| २ | समस्या नभएको | ४५ जना | ९० |
| ३ | समस्या पत्ता नलागेको | ० | ० |
| ४ | समस्या पत्ता लागेको | ० | ० |
| जम्मा | | ५० जना | १०० |

यस तालिकाबाट के प्रष्ट हुन आउछ भने वच्चा जन्मीदा समस्या नभएका वच्चाहरुको संख्या वढी रहेको उत्तरदाताहरुको संख्या ४५ जना ९० प्रतिशत र ५ जना १० प्रतिशत रहेको पाइयो ।

## ४.३ महिला हिंसाका असर सम्बन्धी विवरण

### ४.३.१ महिलाहरुको स्वास्थ्य समस्याहरुमा पाठेघर सम्बन्धी समस्याहरुको विवरण

प्राय गरेर महिलाहरुमा वच्चा जन्मि सकेपछि पाठेघरमा समस्याहरु देखा पर्ने हुन्छ । यो पनि एक गम्भिर समस्या हो । यस सर्वेक्षणमा पनि महिलाहरुको समस्या पत्ता लगाउने क्रममा यसको उत्तरदाताको विवरण यस प्रकार छ ।

तालिका नं.-९महिलाको पाठेघर सम्बन्धी समस्याको विवरण

| क.स. | विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समस्या छ | १५ | ३० |
| २ | समस्या छैन | २० | ४० |
| ३ | थाहा छ | ५ | १० |
| ४ | थाहा छैन | १० | २० |
| जम्मा | | ५० | १०० |

यस तालिकाको आधारमा हर्दा पाठेघरमा समस्या भएका ५० जनामा १५ जना ३० प्रतिशत महिलामा पाइयो । त्यस्तै गरेर समस्या नभएका २० जना महिला वा ४० प्रतिशत र पुरुष उत्तरदाताहरु मध्येबाट आफ्नो घरका महिला दिदि बहिनी र श्रीमति

आफुलगाउतको समस्या ५ जना १० प्रतिशतलाई थाहा भएको र १० जना २० प्रतिशत पुरुषलाई समस्या थाहा नभएको तालिकाबाट प्रष्ट हुन्छ ।

### ४.३.२ मानव जीवनमा चिन्ता र खान मन नलाग्ने समस्याहरुको विवरण

यस अध्ययन सर्वेक्षणमा पाइएको उत्तरदाताहरुको विवरणलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

तालिका नं.-१०मानव जीवनमा चिन्ता र खान मन नलाग्ने समस्याहरुको विवरण

| क्र.स. | विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समस्या छ | ५ जना | १० |
| २ | समस्या छैन | ३५ जना | ७० |
| ३ | समस्या थाहा भएका | ० | ० |
| ४ | समस्या थाहा नभएको | १० जना | २० |
| जम्मा | | ५० | १०० |

यस तालिकाबाट के प्रष्ट हुन आउछ भने समाजमा भएका मानिसहरुमा मानसिक समस्याहरु मध्ये खान मन नलाग्ने र चिन्ता धेरै हुने समस्याहरुका आधारमा हेर्दा समस्या नभएको उत्तरदाताको विवरण ३५ जना ७० प्रतिशत, समस्या भएका उत्तरदाताहरु ५ जना १० प्रतिशत र समस्या थाहा नभएका उत्तरदाताहरु १० जना अर्थात २० प्रतिशत गरेर ५० जना र १०० उत्तरदाता रहेको पाइयो ।

### ४.३.३ परिवारमा महिला हिंसा हुन नदिने प्रमुख भुमिका सम्बन्धीको विवरण

यस अध्ययन सर्वेक्षणमा महिला हिंसाको असरहरु मध्ये घर परिवारहरुबाट पीडित नहुनको लागि कस्को भुमिका महत्वपूर्ण छ भनि गरिएको अध्ययन प्रतिवेदनमा उत्तरदाताको विवरण यस प्रकारका छन ।

तालिका नं.-११महिला हिंसा हुन नदिन परिवारको भुमिका सम्बन्धी विवरण

| क्र.स. | विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | श्रीमति | ५ जना | १० |
| २ | श्रीमान | ५ जना | १० |
| ३ | श्रीमान र श्रीमति | ३० जना | ६० |
| ४ | अभिभावक | १० जना | २० |
| जम्मा | | ५० जना | १०० |

यस तालिकाबाट के प्रष्ट हुन आउछ भने समाजमा महिला हिंसा हुन नदिन प्रमुख भुमिकामा श्रीमान र श्रीमति नै प्रमुख रहेको यस तालिकाबाट प्रष्ट हुन्छ । जसमाश्रीमान र श्रीमतिको भुमिका भन्ने उत्तरदाताको संख्या ३० जना ६० प्रतिशत र अभिभावक भननेमा १० जना २० प्रतिशत ,श्रीमान भन्नेमा ५ जना १० प्रतिशत र श्रीमति भन्नेमा ५ जना १० प्रतिशत पाइया ।

### ४.३.४ समाजमा महिला हिंसा हुन नदिन महत्वपूर्ण भुमिका सम्बन्धी विवरण

यस अन्तर्गत रामधुनी न.पा.वडा नं.-७ भा.सि. मा गरिएको सर्वेक्षणमा ५० घरधुरीमा जसमा महिला हिंसा हुन नदिन समाजमा कस्को भुमिका महत्वपूर्ण छ भनि गरिएको सर्वेक्षणमा प्राप्त नतिजालाई तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं.-१२समाजमा महिला हिंसा हुन नदिन महत्वपूर्ण भुमिका सम्बन्धी विवरण

| क्र.स. | विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परिवार | १० | २० |
| २ | व्यक्ति स्वयम् | ३५ | ७० |
| ३ | समाज | ५ | १० |
| ४ | राष्ट्र | ० | ० |
| जम्मा | | ५० | १०० |

यस तालिकाबाट के प्रष्ट हुन आउछ भने समाजमा महिला हिंसा हुन नदिन व्यक्ति स्वयम् सचेत रहनु पर्ने देखियो जसमा ३५ जना ७० प्रतिशत उत्तरदाताहरु रहेको पाइयो ।

घर परिवारको भुमिका महत्वपूर्ण छ भन्ने उत्तरदाताहरुमा १० जना २० प्रतिशत र समाजको दायित्व छ भन्नेमा ५ जना १० प्रतिशत उत्तरदाताहरु रहेको पाइयो ।

### **४.३.५ समाजमा महिला हिंसा हुन नदिने उपायहरुको विवरण**

स्थलगत अध्ययनको क्रममा अध्ययन क्षेत्रमा अध्ययन गर्दा महिलाहरुलाई हिंसा हुन नदिनको लागि विभिन्न उपायहहरु ल्याएर पहुनमा महिलाहरुलाई पुऱ्याउने गर्नु पर्दछ । शिक्षामा पहुच पुऱ्याउने रोजगारीको व्याख्या गरिनु पर्दछ । यसका लागि तालिका मार्फत प्रष्ट पार्न सकिन्छ ।

तालिका नं.-१३समाजमा महिला हिंसा हुन नदिने उपायहरुको विवरण

| क.स. | विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला शसक्तिकरण | १० | २० |
| २ | महिला सहभगिता वढाउने | १० | २० |
| ३ | शिक्षामा पहुच | १० | २० |
| ४ | रोजगारीको व्यवस्थ ागर्ने | २० | ४० |
| जम्मा | | ५० | १०० |

उक्त तालिकाबाट के प्रष्ट हुन आउछ भने महिलाहरुलाई रोजगारको व्यवस्था गरिनु पर्दछ । रोजगारीमा लागेका महिलाहरु सक्षम हुने भएकाले हिंसा खेपिनु पर्दैन भने यस तालिकाबाट प्रष्ट देखिन्छ । जसमा रोजगारीको व्यवस्था गर्नुपर्दछ भन्ने उत्तरदाता २० जना ४० प्रतिशत रहेका र अन्य १० शसक्तिकरण भन्नेमा २० प्रतिशत र शिक्षामा पहुच १० जना २० प्रतिशत महिला शसक्तिकरण भन्नेमा १० जना २० प्रतिशत देखिन्छ ।

### **४.३.६ महिला र पुरुषविचको सामाजिक विभेदले बढाएको हिंसा सम्बन्धी ज्ञानको विवरण**

समाजमा विद्यमान गरिबी र चेतनाको कमिको कारण श्रीमान र श्रीमति विच वेमेल भई हिंसात्मक घटनाहरु बढिरहेका छने । जसलाई स्थलगत अध्ययन गरी निर्माण गरीएको् तालिकालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

तालिका नं.- १४महिला र पुरुषविचको सामाजिक विभेदले बढाएको हिंसा सम्बन्धी ज्ञानको विवरण

| क स | ज्ञानको विवरण | उतरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हो | ४० | ८० |
| २ | होईन | ० | ० |
| ३ | थाहा छ | ० | ० |
| ४ | थाहा छैन् | १० | २० |
| जम्मा | | ५० जना | १०० |

यस तालिकाबाट के थाहा थाहा हुन आउँछ भने समाजमा परिवारमा र राष्ट्रमा जुनसुकै स्थानमा भएता पनि महिला र पुरुष विचमा वेमेल वेचैन र झै-झगडा भएमा हिंसात्मक रुपमा परिवर्तन भई समाजमा नाकारात्मक असर पार्ने अवस्था सृजना हुने गर्दछ भनि यस तालिकाबाट प्रष्ट हुन्छ । जसमा सामाजिक विभेदले हिंसा वढाएको हो भन्ने उत्तरदाताहरुमा ४० जना ८० प्रतिशत र थाहा छैन भन्नेहरुमा १० जना वा २० प्रतिशत रहेको पाइयो ।

### ४.३.७ समाजमा घरेलु हिंसा नदिने उपायहरुको विवरण

समाजमा महिला हिंसासंगै घरेलु हिंसाले नराम्रो जरा गाडेर वढ्दै गरेको हिंसात्मक घटनाहरुलाई महिलाहरुमा हुन नदिने उपायहरुको विवरण थप तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

तालिका नं.-१५समाजमा घरेलु हिंसा नदिने उपायहरुको विवरण


| क्र.स. | उपायको विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला शिक्षमा जोड दिने | १० | २० |
| २ | कडा कानुन वनाउनु पर्छ | ५ | १० |
| ३ | कानुन कार्यन्वयनमा जोड दिने | १० | २० |
| ४ | महिलालाई रोजगारी दिने | २५ | ५० |
| जम्मा | | ५० | १०० |

यस तालिकाबाट के प्रष्ट हन्छ भने घरेलु हिंसा हुन नदिन र समाजलाई हिंसा मुक्त पार्नका लागि महिलाहरुलाई रोजगारी दिने गर्नुपर्दछ । यसबाट महिला सक्षम भइ हिंसा कम हुने गर्दछ । महिलालाई रोजगारी दिनुपर्छ भन्ने उत्तरदातामा २५ जना ५० प्रतिशत, महिला शिक्षामा जोड दिने भन्ने उत्तरदातामा १० जना २० प्रतिशत, कानुन कार्यन्वयनमा जोड दिनुपर्छ भन्नेमा १० जना २० प्रतिशत र कडा कानुन बनाउनु पर्छ भन्नेमा ५ जना १० प्रतिशत उत्तरदाता पाइयो ।

### ४.३.८ मानव बेचविखनको प्रमुख कारण सम्बन्धी विवरण

मानव वेचविखन अशिक्षा र चेतनाको कमी, वेरोजगारी तथा गरीबिको कारणले गर्दा नेपालमा तथा हाम्रो गाउँघरको एक प्रमुख समस्याको रुपमा रहेको छ । मानव वेचविखनका कारणहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

चित्र नं.-१ मानव बेचविखनको प्रमुख कारण सम्बन्धी विवरण




प्रस्तुत चित्रलाई विश्लेषण गर्दा मानव वेचविखनको प्रमुख कारण वेरोजगारी रहेको उत्तरदाताको संख्याबाट प्रष्ट हुन आउँछ, जसमा वेरोजगारी भन्ने उत्तरदाताको संख्या २० जना ४० प्रतिशत, फितलो कानुन भन्नेमा १२ जना २४ प्रतिशत, अशिक्षामा १० जना २० प्रतिशत र गरिबी भन्नेको संख्या ८ जना १६ प्रतिशत रहेको पाइन्छ ।

### ४.३.९ मानव वेचविखनको रोकथामका उपाय सम्बन्धी विवरण

हाम्रो देशमा प्रमुख समस्याको रुपमा मानव वेचविखन रहेको छ । मानव वेचविखन पनि एक प्रकारको हिंसात्मक घटना भएकाले गर्दा सर्वेक्षणबाट प्राप्त उत्तरदाताको संख्याहरुलाई तालिकाबाट प्राप्त गर्न सकिन्छ ।

तालिका नं.-१६मानव वेचविखनको रोकथामका उपाय सम्बन्धी विवरण

| क्र.स. | विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | जनचेतना जगाउने | १२ | २४ |
| २ | महिला शसक्तिकरणमा जोड | १० | २० |
| ३ | शिक्षा र रोजगारमा अवसर | २८ | ५६ |
| ४ | कानुनमा कडाइ | ० | ० |
| जम्मा | | ५० | १०० |

यस तालिकाबाट के प्रष्ट हुन आउछ भने मानव वेचविखन हुन नदिने रोकथामका उपायहरु मध्ये शिक्षा र रोजगारीमा अवसर सृजना गर्नुपर्छ भन्ने उत्तरदाताको संख्या २८ जना ५६ प्रतिशत र जनचेतना जगाउनु पर्छ भन्ने उत्तरदाताको संख्या १२ जना २४ प्रतिशत र महिला शसक्तिकरणमा जोड दिनुपर्छ भन्ने उत्तरदाताहरु यस सर्वेक्षणबाट पाइयो ।

### ४.३.१० समुदायमा बाल विवाह, वहु विवाह भएको नभएको सम्बन्धमा गरिएको विवरण

यस रामधुनी न.पा.वडा नं.-७ भा.सि.मा गरिएको अध्ययन सर्वेक्षणमा बाल विवाह र वहु विवाहबाट भएको छ कि छैन भनि गरिएको सर्वेक्षणमा प्राप्त उत्तरदाताको विवरणलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

तालिका नं.-१७बाल विवाह र वहु विवाह सम्बन्धी विवरण

| क्र.स. | बाल विवाह र बहु विवाह भए नभएको विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | २५ | ५० |
| २ | छैन | २५ | ५० |
| ३ | कतै कतै हुने गरेको | ० | ० |
| ४ | त्यस्तो भएको छैन | ० | ० |
| जम्मा | | ५० | १०० |

माथिको तालिकाबाट के प्रष्ट हुन आउछ भने मुस्लीम समुदायमा बाल विवाह र बहु विवाहका घटनाहरु हुने गरेकाले मुस्लीम टोलका २५ घरधुरीमा गरिएको सर्वेक्षणमा सबैले वा २५ जनाले बाल विवाह हुने गरेको र समुदाय, प्रहरी र नागरिक समाजको मिलेमतोमा विवाह गराएको भन्ने जानकारी प्राप्त भये भने मन्दिर टोलमा त्यसखालका घटनाहरु नभएका कारणले २५ जनाले वा ५० प्रतिशतले यस्तो घटना भएको छैन भन्ने जानकारी प्राप्त भयो ।

### ४.३.११ समुदायमा किशोर किशोरीहरुको छिटो विवाह हुने कारण सम्बन्धी विवरण

प्रस्तुत विषयमा रहेर गरिएको सर्वेक्षणमा यस समुदायमा प्राप्त भएको उत्तरदाताहरुको संख्यालाई निम्नानुसार तालिकाबाट प्रस्तुत गर्न सकिन्छ ।

तालिका नं.-१८किशोरकिशोरीहरुको छिटो विवाह हुने कारणहरुको विवरण

| क्र.स. | कारणको विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अशिक्षा | २५ | ५० |
| २ | जनचेतनाको कमी | ५ | १० |
| ३ | परम्परागत शैली | १५ | ३० |
| ४ | रितिरिवाज | ५ | १० |
| जम्मा | | ५० | १०० |

यस तालिकाबाट के प्रष्ट हुन आउछ भने अशिक्षाको कारणबाट किशोरकिशोरीहरुको विवाह छिटो हुने गरेको उत्तरदाताहरुको संख्या २५ जना ५० प्रतिशत र परम्परागत शैलीमा भन्ने उत्तरदाताको संख्या १५ जना ३० प्रतिशत र जनचेतनाको कमी ५ जना १० प्रतिशत र रितिरीवाज भन्नेमा ५ जना १० प्रतिशत रहेको पाइयो ।

### ४.३.१२ महिलाले महिलालाई नै हेप्नु र हेला गर्ने सम्बन्धी विवरण

यस अध्ययनलाई विशलेषण गर्दा ५० घरधुरीमा गरिएको सर्वेक्षणमा महिलाले नै महिला माथि दुर्व्यवहार र हेला गरिरहेको पाइएकोले सो समुदायमा के कस्तो अवस्था छ भनि गरिएको सर्वेक्षणमा प्राप्त उत्तरदाताहरुको विवरण यस प्रकार छन ।

तालिका नं.-१९महिलाले महिलाहरुलाई नै हिंसा र हेल ागर्ने सम्बन्धी विवरण

| क्र.स. | विवरण (हिंसा गर्ने कारण) | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | पितृसतात्मक समाज | १२ | २४ |
| २ | रुढिवाढी समाज | ३ | ६ |
| ३ | जनचेतनाको कमी | २० | ४० |
| ४ | अहम भावना | १५ | ३० |
| जम्मा | | ५० | १०० |

माथिको तालिकाबाट के प्रष्ट हुन आउछ भने महिलाहरुमा चेतनाको कमी भएर हिंसा बढिरहेको र महिलाले महिलालाई हेला गरिरहेको भन्ने उत्तरदाताहरुमा २० जना ४० प्रतिशत, अहम भावना भएकोमा १५ जना ३० प्रतिशत र पितृसतात्मक समाजमा १२ जना २४ प्रतिशत र रुढिवाढी समाज भन्ने उत्तरदाताहरुमा ३ जना ६ प्रतिशत उत्तरदाताहरु रहेको पाइयो ।

### ४.३.१३ समुदायमा गर्भवती जाँच गराउन स्वास्थ्य चौकी जाने सम्बन्धी विवरण

यस समुदायका मन्दिर टोल र मुस्लीम समुदायमा रहेका गर्भवती महिलाहरु गर्भवती भएको समयमा स्वास्थ्य चौकी जाने गरेका वा नगरेको के छ ? भनि गरिएको अध्ययनमा प्राप्त विवरणलाई निम्नानुसार उल्लेख गरिएको छ ।

तालिका नं.-२०गर्भवती जाँच गराउने नगराउने सम्बन्धी विवरण

| क्र.स. | विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | छ | ३० | ६० |
| २ | छैन | - | - |
| ३ | कहिले काहि | १५ | ३० |
| ४ | थाहा छैन | ५ | १० |
| जम्मा | | ५० | १०० |

यस तालिकाबाट के स्पष्ट हुन आउछ भने अधिकाशं महिलाहरुमा ३० जना जाँच गराउन स्वास्थ्य चौकी जाने ६० प्रतिशत, कहिलेकाहि मात्र जाने मुस्लीम समुदायका १५

जना महिला ३० प्रतिशत र पुरुषहरु वा श्रीमानलाई थाहा नदिई जाँच गराउन जाने महिलाहरुमा ५ जना १० प्रतिशत पाइयो ।

### ४.३.१४ गर्भवती जाँच गराउन नजाने कारण सम्बन्धी विवरण

यस समुदायका महिलाहरुमा मुस्लीम वर्गीय समाज भएको कारणले स्वास्थ्य चौकी जाँच गराउन जाने की नजाने सर्वेक्षण गर्दा उत्तरदाताहरुको विवरणलाई निम्नानुसार उल्लेख गरिएको छ ।

तालिका नं.-२१गर्भवती जाँच नगराउने कारण सम्बन्धी विवरण

| क्र.स. | विवरण (कारण) | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अज्ञानता | ० | ० |
| २ | परम्परागत शैली | ० | ० |
| ३ | लाजसरम (हिनताबोध) | १५ | ३० |
| ४ | डरत्रास (अन्य) | ३५ | ७० |
| जम्मा | | ५० | १०० |

यस तालिका अनुसार के प्रष्ट हुन आउछ भने तालिका नं. २० मा गर्भवती जाँच गराउन स्वास्थ्य चौकी नजाने महिलाको संख्या १५ जना मात्र रहेको र सोही आधारमा हिनताबोधको कारणले नजाने गरेको प्रष्ट हुन आउछ र वाकी ३० जना महिला ६० प्रतिशत जाँच गराउन जाने गरेको पाइयो ।

### ४.३.१५ तपाइलाई कुनै नसा सम्बन्धी समस्या छ कि छैन भन्ने सम्बन्धी विवरण

यस रामधुनी न.पा.वडा नं.-७ मा मुस्लीम र मन्दिर टोलमा गरिएको अध्ययन सर्वेक्षणमा नसा सम्बन्धी समस्या भएका उत्तरदाताहरुको विवरण यस प्रकारका छन ।

तालिका नं.-२२नसा सम्बन्धी समस्या छ छैन भन्ने जानकारी सम्बन्धी विवरण

| क्र.स. | नसासमस्या सम्बन्धी विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समस्या भएको छ | १० | २० |
| २ | समस्या भएको छैन | ४० | ८० |
| जम्मा | | ५० | १०० |

यस तालिकाबाट के प्रष्ट हुन आउछ भने सो समुदायमा नसा सम्बन्धी समस्या नभएका उत्तरदाताहरुको संख्या ४० जना ८० प्रतिशत रहेको र समस्या भएका उत्तरदाताहरुमा १० जना २० प्रतिशत पाइयो ।

### ४.३.१६ नसा सम्बन्धी समस्या भएको भए कस्तो समस्या छ भन्ने सम्बन्धी विवरण

यस अन्तर्गत रहेर सोधीएको प्रश्नमा उत्तरदाताहरुको विवरणलाई निम्नानुसार उल्लेख गरिएको छ ।

तालिका नं.-२३ नसा सम्बन्धी समस्या भएको भए कस्तो समस्या छ भन्ने सम्बन्धी विवरण

| क्र.स. | नसासम्बन्धी समस्या | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बाथ सम्बन्धी समस्या | १० | २० |
| २ | समस्या नभएको | ४० | ८० |
| जम्मा | | ५० | १०० |

यस तालिका बाट के प्रष्ट हुन आउछ भने नसा सम्बन्धी समस्या भएका वा वाथ सम्बन्धी समस्या भएका १० जना २० प्रतिशित उत्तरदाता र नसा सम्बन्धी समस्या नभएका ४० जना ८० प्रतिशत उत्तरदाताहरु रहेको यस तालिका बाट प्रष्ट हुन आउछ ।

## ४.४ हिंसात्मक घटनाहरुबाट जोगाउने उपायहरुको विवरण

### ४.४.१ समाजलाई हिंसात्मक घठनाहरुबाट जोगाउन अपनाउने उपायहरु सम्बन्धी विवरण

यस अध्ययन सर्वेक्षणमा समाजलाई हिंसात्मक घटनाहरुबाट जोगाउन के कस्तो उपायहरु गर्न सकिन्छ भनि गरिएको अध्ययनमा प्राप्त जानकारीहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

तालिका नं.-२४ समाजलाई हिंसात्मक घटनाबाट जोगाउने उपाय सम्बन्धी विवरण

| क्र.स. | उपायको विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | महिला शिक्षामा जोड | १२ | २४ |
| २ | रोजगारीको सुनिश्चितता | ३० | ६० |
| ३ | सामाजिक परिचालन गराउने | ० | ० |
| ४ | कडा कानुन बनाउने | ८ | १६ |
| जम्मा | | ५० | १०० |

यस तालिकाबाट के प्रष्ट हुन आउछ भने महिला हिंसा तथा समाजलाई हिंसात्मक घटनाहरुबाट जोगाउनका लागि रोजगारीको सुनिश्चितता गरिनु पर्छ भन्ने उत्तरदाताहरुको संख्या ३० जना ६० प्रतिशत, महिला शिक्षामा जोड दिनुपर्छ भन्नेमा १२ जना २४ प्रतिशत र कडा कानुन बनाउनु पर्छ भन्ने उत्तरदाताहरुमा ८ जना १६ प्रतिशत रहेको पाइयो ।

### ४.४.२ समुदायमा महिला हिंसा रोकथामका कार्यक्रम सम्बन्धी विवरण

यस शिर्षक अर्न्गात रहेर अध्ययन विश्लेषण गर्ने क्रममा उत्तरदाताहरुबाट प्राप्त जानकारीलाई स्तम्भ चित्र मार्फत प्रस्तुत गर्न सकिन्छ ।

तालिका- २५समुदायमा महिला हिंसा रोकथाम सम्बन्धी कार्यक्रमको विवरण

| क्र.स. | कार्यक्रमको विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हुने गरेका छन् | ४० | ८० |
| २ | हुने गरेका छैनन् | १० | २० |
| | | ५० | १०० |

प्रस्तुत तालिकमा भएको जानकारीलाई विश्लेषण गर्दा समुदायमा हिंसा रोकथामका कार्यक्रम हुने गरेको छ भन्ने जानकारी हुने उत्तरदाताको संख्या ४० जना ८० प्रतिशत र हुने गरेको छैन भन्ने उत्तरदाताहरुमा १० जना २० प्रतिशत रहेको पाइयो ।

### ४.४.३ हिंसात्मक घटना रोक्न यस खालका कार्यक्रमले पुऱ्याएको सहयोग सम्बन्धी विवरण

प्रस्तुत विषयमा रहेर रामधुनी नगरपालिका वडा नं.-७ मा गरिएको अध्ययन प्रतिवेदनको सर्वेक्षण कार्यमा उत्तरदाताको विवरणलाई निम्नानुसार उल्लेख गरिएको छ ।

तालिका नं.-२६हिंसात्मक घटना रोक्न कायक्रमको सहयोग सम्बन्धी विवरण

| क.स. | सहयोगको विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहयोग पुगेको छ | १० | २० |
| २ | सहयोग पुगेको छैन | ० | ० |
| ३ | थोरै सहयोग पुगेको छ | ७ | १४ |
| ४ | धेरै सहयोग पुगेको छ | ३३ | ६६ |
| जम्मा | | ५० | ६६ |

यस तालिकामा रहेर विश्लेषण गर्दा समाजमा हिंसात्मक घटनाहरुको रोकथाम गर्नका लागि महिला हिंसा सम्बन्धी कार्यक्रमहरुले धेरै सहयोग पुऱ्याएको छ भन्ने उत्तरदाताको संख्या ३३ जना ६६ प्रतिशत र सहयोग पुगेको छ भन्ने उत्तरदातामा १० जना र थोरै मात्र सहयोग पुगेको छ भन्ने उत्तरदातामा ७ जना १४ प्रतिशत रहेको पाइयो ।

### ४.४.४ समाजमा हिंसा रोकथामका कार्यक्रमको आवश्यकता सम्बन्धी विवरण

यस शिर्षक अन्तर्गत रहेर रामधुनी न.पा.वडा नं.-७ का ५० घरधुरीमा गरिएको सर्वेक्षण प्राप्त निश्कर्षलाई यस तालिका मार्फत प्रस्तुत गरिएको छ ।

तालिका नं.-२७समाजमा हिंसा रोकथामका कार्यक्रमहरुको आवश्यकता सम्बन्धी विवरण

| क.स. | आवश्यकताको विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | आवश्यक छ | १० | २० |
| २ | आवश्यक छैन | ४ | ८ |
| ३ | धेरै नै आवश्यक छ | २८ | ५६ |
| ४ | कम आवश्यक छ | ८ | १६ |
| जम्मा | | ५० | १०० |

यस तालिकाबाट के प्रष्ट हुन आउछ भने समाजमा महिला हिंसा रोकथामका कार्यक्रमहरुको धेरै नै आवश्यकता रहेको छ भनि उत्तरदाताहरुको संख्या २८ जना ५६ प्रतिशत रहेको पाइयो । यसका साथै हिंसा रोकथामका कार्यक्रमहरु आवश्यक छ भन्ने

उत्तरदातामा १० जना, कम आवश्यक छ भन्ने उत्तरदातामा ८ जना र आवश्यक छैन भन्ने उत्तरदातामा ४ जना ८ प्रतिशत रहेको पाइयो ।

### ४.४.५ महिला हिंसा रोकथाममा जनचेतना जगाउने प्रमुख माध्यम सम्बन्धी विवरण

यस अध्ययन प्रतिवेदनमा सर्वेक्षण्को रुपमा सोही स्थानमा रहेको उत्तरदाताहरुको विवरणलाई निम्नानुसार उल्लेख गरिएको छ ।

तालिका नं.-२८महिला हिंसा रोकथाममा जनचेतना जगाउने प्रमुख माध्यम सम्बन्धी विवरण

| क.स. | जनचेतना जगाउने साधनको विवरण | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रेडियो | ३४ | ६८ |
| २ | टेलिभिजन | १० | २० |
| ३ | पत्रपत्रिका | ६ | १२ |
| ४ | इन्टरनेट | ० | ० |
| जम्मा | | ५० | १०० |

माथिको तालिकाबाट के प्रष्ट हुन आउछ भने महिला हिंसा रोकथामका लागि जनचेतना एक प्रमुख उपाय हो । जनचेतना जगाउने साधनहरुमध्ये प्रत्येक मानिसहरुले सहज रुपमा सवल रुपमा लिन सक्ने साधन रेडियो होर सबैको पहुचमा पुग्न सफल भएको छ । प्रमुख साधन रेडियो भन्ने उत्तरदाताहरुमा ३४ जना ६८ प्रतिशत, टेलिभिजन भन्ने उत्तरदाताहरुमा १० जना २० प्रतिशत र पत्रपत्रिका भन्ने उत्तरदाताको संख्या ६ जना १२ प्रतिशत रहेको पाइयो ।

### ४.४.६ महिलालाई कुटपिट र हेल ागर्नु हिंसा हो कि होइन भन्ने विवरण

यस अध्ययन प्रतिवेदनमा सर्वेक्षण गर्ने क्रममा रामधुनी न.पा.वडा नं.-७ का मुस्लीम टोल र मन्दिर टोलमा गरिएको सर्वेक्षणमा प्राप्त उत्तरदाताको संख्यालाई निम्नानुसार उल्लेख गरिएको छ ।

तालिका नं.-२९महिलालाई कुटपिट र हेलागर्नु हिंसा हो कि होइन भन्ने विवरण

| क्र.स. | कुटपिट र हेला गर्ने | उत्तरदाताको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हेला हो | ४५ | ९० |
| २ | थाहा नभएको / भएन | ५ | १० |
| | | ५० | १०० |

यस तालिका बाट के प्रष्ट हुन आउछ भने महिलाहरुलाई हेलागर्नु, कुटपिट गर्नु भन्ने उत्तरदाताहरुको संख्या ४५ जनावा ९० प्रतिशत र थाहा भएन भन्ने उत्तरदाताहरुमा ५ जना १० प्रतिशत रहेको पाइयो ।

### ४.५ साराशं

यस अध्ययन सुनसरी जिल्लाको रामधुनी नगरपालिका वडा नं.-७ का मन्दिर टोल र मुस्लीम टोलमा रहेका महिला हिंसा र यसले स्वास्थ्यमा पारेको असर र प्रभाव सम्बन्धी तयार पारिएको प्रस्तावनालाई पुरा गर्नका लागि अध्ययन सर्वेक्षण गरी निकालिएको निष्कर्षलाई प्रस्तुत गरिएको छ। जसमा समाजलाई हिंसात्मक कार्यबाट हटाउनका लागि महिला हिंसा रोकथामका लागि अपनाइने उपायहरुलाई प्रस्तुत गरिएको छ। आजको वर्तमान समयमा महिला हिंसा एक जटिल विषयवस्तुको रुपमा अगाडी बढीरहेको छ । यसले समाजमा नाकारात्मक असर पार्नुका साथै परिवारमा बेमेल, बेचैनी उत्पन्न गराई पारिवारीक संरचनालाई तहसनहस पार्ने भएकाले यस क्षेत्रमा देखिएका असरहरुलाई मध्यनजर गरी विभिन्न कार्यक्रमहरु समेत भएता पनि समस्याहरु दिनका दिन वढीरहेका छन् ।

१०० घरधुरी मध्ये ५० घरधुरीमा गरिएको समुदायका मानिसहरुमा नमुनाको रुपमा लिइएको प्रश्न उत्तर अवलोकनद्धारा तयार अध्ययन हो । उक्त अध्ययन सम्मन गर्नका लागि ३ वटा उद्देश्य निर्धारण गरी यस सम्बन्धी उद्दश्य पुरा गर्नका लागि ३० वटा प्रश्नहरु निर्माण गरी अवलोकन नमुना विधि नमुना प्रक्रिया अपनाइएको छ ।

समाजलाई हिंसात्मक रुपमा अगाडी बढाउने रुढिवाढी परम्परा र विसङ्गतिहरुले समाजलाई जटिल बनाई रहेका छन र समाजलाई उधोगतिमा लगिरहेका छन ।

साधारण तथा अध्ययन क्षेत्रमा मुस्लीम समुदायका महिलाहरुमा छिटो विवाह गरिदिने प्रचलन र सानैमा वच्चा जन्माउने परिपाटीले गर्दा परिवारको गुणस्तर राम्रो नहुने,

अशिक्षाले जडो गाडेको कारण गर्भवती हुदा समेत स्वास्थ्य चौकी जाँच गराउन नजाने प्रचलनले र महिलाहरुमा अझ समस्याहरु बढीरहेका छन ।

यस समुदायमा सयुक्त परिवारमा बस्ने मानिसहरुको संख्या बढी मात्रामा पाइयो । यस्तै गरी महिला हिंसा सम्बन्धी जानकारी सो समुदायका अधिकशं मानिसहरुमा रहेको पाइयो हिंसाले महिलाहरुमा धेरै नै असर पार्ने गरेको र महिलाहरु कमजोर भइ विभिन्न सामाजिक विकृति विसंगतिमा फस्ने गरेको मानसिक तनाव, खान मन नलाग्ने, आत्म हत्या गर्न खोज्ने खालका प्रवृतीहरु समेत देखियो ।

महिला हिंसाले चोटपटक लाग्ने र मानसिक समस्या हुने गरेको तथ्याङ्कले देखायो र बोक्सीको आरोपमा कुटपिट गर्नु समेत घरेलु हिंसा रहेको पाइयो । समाजलाई हिंसात्मक रुपबाट बचाउनका लागि समुदायमा जनचेतना मुलक कार्यक्रमहरु निर्माण गरी यसका साथै महिलाहरुमा रोजगारीको अवसर सृजना गरिनु पर्ने देखियो ।

महिलाहरुलाई शसक्तिकरण गरेर हातमा हात र काधमा काध मिलाएर समाजलाई हिंसात्मक घटनाहरुबाट बचाउनका लागि घर परिवार श्रीमान, अभिभावकले समेत समाजलाई सभ्य र सुन्दर राख्नका लागि आफ्ना छोरी चेली, दिदि वहिनीहरुलाई शैक्षिक स्तर वृद्धि गरि रोजगारीको अवसर दिलाई सहयोग पुऱ्याउनु पर्ने देखिन्छ । यसबाट गाउघरमा महिला हिंसाका घटनाहरु कमी भई सभ्य समाजको निर्माण हुन गई पारिवारीक सुखमय जीवन विताउने अवसर प्राप्त हुन्छ ।

## ४.६ नतिजा

निश्चित उद्देश्य प्राप्तिका लागि नै स्थलगत अध्ययन, अनुसन्धान गर्ने गरिन्छ । यहा महिला हिंसा र त्यसले स्वास्थ्यमा पारेको प्रभाव असर भन्ने विषयलाई आफ्नो अध्ययनको मुख्य विषय बनाएर सुनसरी जिल्लाको रामधुनी नगरपालिका वडा नं.-७ का मन्दिर टोल र मुस्लीम टोलका महिलाहरुको हिंसा सम्बन्धी समस्याहरुसंग सम्बन्धित भएर ५० घरधुरीका मानिसहरुसंग गरिएको अध्ययनबाट प्राप्त नतिजाहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- अध्ययनमा सहभागी भएका घर परिवारको संख्यात्मक विवरणमा सयुक्त परिवार ४ जना भन्दा बढी भएका उत्तरदाताको संख्या २० जना ४० प्रतिशत, ३ जना परिवार भएका १२ जना २४ प्रतिशत, २ जना परिवार भएका १० जना २० प्रतिशत र ४ जना मात्र परिवार भएका उत्तरदाताहरुमा ८ जना १६ प्रतिशत रहेको पाइयो ।

- यस्तै गरेर यस अध्ययन क्षेत्रमा महिला हिंसा सम्बन्धी जानकारी हुने उत्तरदाताहरुको सँया ४८ जना ९६ प्रतिशत र थाहा नभएका उत्तरदाताहरु २ जना ४ प्रतिशत रहेको पाइयो ।
- यस वडामा महिला हिंसाले पार्ने असर सम्बन्धी ज्ञान भएका उत्तरदाताको संख्या ४५ जना ९० प्रतिशत र थाहा छैन भन्ने उत्तरदाताको संख्या ५ जना १० प्रतिशत पाइयो ।
- यस्तै गरेर महिला हिंसामा बढीमात्रामा महिलाहरुलाई हिंसाबाट चोटपटक लाग्छ भन्ने उत्तरदाताको संख्या २२ जना ४४ प्रतिशत, मानसिक असर भन्नेमा २० जना ४० प्रतिशत र शारीरिक असर भन्ने उत्तरदाताहरुको संख्या ८ जना १६ प्रतिशत पाइयो ।
- समाजमा महिला हिंसा हुदै हुदैन वा गर्नु हुदैन यो नराम्रो कार्य हो भन्ने उत्तरदाताको संख्या ५० घरधुरीमा ५० जना १०० प्रतिशत पाइयो ।
- यस अध्ययन क्षेत्रमा बोक्सीको आरोपमा यातना दिने कार्यलाई घरेलु हिंसा हो भन्ने उत्तरदाताको संख्या २० जना ४० प्रतिशत, महिला हिंसा हो भन्नेमा १२ जना २४ प्रतिशत, लैङ्गिक हिंसामा १० जना २० प्रतिशत र सामाजिक हिंसा हो भन्ने उत्तरदाताहरुमा ८ जना १६ प्रतिशत उत्तरदाताहरु पाइयो ।
- यस अध्ययन क्षेत्रमा महिलाहरुले पहिलो पटक बच्चा जन्माउदाको उमेर सम्बन्धी विवरणमा २० वर्ष भन्दा माथी २० जना उत्तरदाताहरु ४० प्रतिशत, ३० वर्ष भन्दा माथी भन्नेहरुमा १८ जना ३६ प्रतिशत उत्तरदाता, ३५ वर्ष भन्दा माथि ९ जना १८ प्रतिशत र १५ वर्ष भन्दा माथि भन्ने उत्तरदाताहरु ३ जना ६ प्रतिशत रहेको पाइयो ।
- स्थलगत क्षेत्रमा बच्चा जन्मीदा समस्या भए नभएको भन्ने प्रश्नमा समस्या नभएको भन्ने उत्तरदाताहरुको संख्या ४५ जना ९० प्रतिशत र ५ जना बच्चाहरुमा समस्या १० प्रतिशत रहेको पाइयो ।
- महिलाहरुको प्रमुख स्वास्थ्य समस्या मध्ये पाठेघर सम्बन्धी समस्या भएका उत्तरदाताहरु १५ जना ३० प्रतिशत, समस्या नभएका उत्तरदाताहरु २० जना ४०

प्रतिशत, समस्या थाहा नभएका उत्तरदाताहरुमा १० जना २० प्रतिशत र समस्याबारे थाहा भएका उत्तरदाताहरु ५ जना १० प्रतिशत रहेको पाइयो ।

- मानव जीवनमा विभिन्न समस्याहरुको असर मध्ये मानसिक चिन्तार खान मन नलाग्ने उत्तरदाताहरुको संख्या ५ जना १० प्रतिशत, समस्या नभएका उत्तरदाताहरु ३५ जना ७० प्रतिशत र समस्या थाहा नभएका उत्तरदाताहरु १० जना २० प्रतिशत पाइयो ।
- यस अध्ययनमा परिवारमा महिला हिंसा हुन नदिन प्रमुख भुमिका श्रीमान र श्रीमती दुवैको भन्ने उत्तरदाताहरुको संख्या ३० जना ६० प्रतिशत, अभिभावक भन्नेमा १० जना २० प्रतिशत, श्रीमान ५ जना १० प्रतिशत र श्रीमती भन्ने उत्तरदाताहरु ५ जना १० प्रतिशत रहेको पाइयो ।
- समाजमा महिला हिंसा हुन नदिन प्रमुख भुमिका व्यक्ति स्वयम्को भन्ने उत्तरदाताको संख्या ३५ जना ७० प्रतिशत, घरपरिवारमा १० जना २० प्रतिशतर समाजको भन्ने उत्तरदाताहरुमा ५ जना १० प्रतिशत पाइयो ।
- समाजमा महिला हिंसा हुन नदिने उपायहरु सम्बन्धी विवरणमा उत्तरदाताहरुको संख्यामा रोजगारीको व्यावस्थ ागर्ने २० जना ४० प्रतिशत, शिक्षामा पहुँच १० जना २० प्रतिशत, महिला सहभागितामा १० जना २० प्रतिशत र महिला शसक्तिकरण भन्ने उत्तरदाताहरु १० जना २० प्रतिशत रहेको पाइयो ।
- समाजमा महिला र पुरुष बिचमा भएको वेमेल सामाजिक विभेद पनि हो भन्ने प्रश्नमा उत्तरदाताहरुको विवरणमा हिंसा हो भन्ने उत्तरदाताहरु ४० जना ८० प्रतिशत र थाहा छैन भन्ने उत्तरदाताको संख्या १० जना २० प्रतिशत रहेको पाइयो ।
- समाजमा घरेलु हिंसा हुन नदिन महिलाहरुलाई रोजगारी दिनुपर्छ भन्ने उत्तरदाताको संख्या २५ जना ५० प्रतिशत, कानुन कार्यन्वयनमा जोड दिनुपर्छ भन्नेमा १० जना २० प्रतिशत र कडा कानुन वनाउनु पर्छ भन्नेमा ५ जना १० प्रतिशत उत्तरदाताहरु रहेको पाइयो ।

- मानव वेचविखनको प्रमुख कारण वेरोजगारी भन्ने उत्तरदाताको संख्या २० जना ४० प्रतिशत, फितलो कानुन भन्नेमा १२ जना २४ प्रतिशत, अशिक्षामा १० जना २० प्रतिशत र गरिबी भन्ने उत्तरदाताहरुमा ८ जना १६ प्रतिशत रहेको पाइयो ।
- मानव वेचविखन रोकथामका उपायहरु मध्ये शिक्षा र रोजगारको अवसर दिनुपर्छ भन्ने उत्तरदाताको संख्या २८ जना ५६ प्रतिशत, जनचेतना जगाउनेमा १२ जना २४ प्रतिशत र महिला शसक्तिकरणमा जोड दिनेमा १० जना २० प्रतिशत रहेको पाइयो ।
- ुसो समुदायमा बाल विवाह र बहु विवाह भए नभएको सम्बन्धी गरीएको प्रस्तोतामा उत्तरदाताहरुको संख्या २५ जनाले गरेको छ भन्ने उत्तर मुस्लीम समुदायमा २५ जनाले नै बाल विवाह र बहु विवाह गरेको ५० प्रतिशत उत्तर पाइयो भने मन्दिर टोलमा २५ जनाले ५० प्रतिशत छैन भन्ने उत्तरदाताको संख्या पाइयो ।
- यस समुदायमा किशोरकिशोरीहरुको छिटो विवाह हुने कारण सम्बन्धी विवरणमा उत्तरदाताहरुमा अशिक्षा २५ जना ५० प्रतिशत, परम्परागत शैलीमा १५ जना ३० प्रतिशत र जनचेतनाको कमी र रितिरीवाज भन्ने उत्तरदाताहरुमा ५।५ जना १०।१० प्रतिशत पाइयो ।
- समुदायमा महिलाले नै महिलालाई हिंसा गर्नु, हेला गर्नु, हेप्नुलाई कुन रुपमा हेर्नुहुन्छ भनि गरिएको प्रश्नमा उत्तरदाताहरुको विवरणमा जनचेतनाको कमी भन्ने उत्तरदाताहरु २० जना ४० प्रतिशत, अहम भावनामा १५ जना ३० प्रतिशत, पितृसतात्मक समाजमा १२ जना २४ प्रतिशत र रुढिवाढी समाज भन्ने उत्तरदातामा ३ जना ६ प्रतिशत रहेको पाइयो ।
- समुदायमा गर्भ जाँच गर्ने महिलाहरुको संख्यामा ३० जना ६० प्रतिशत उत्तरदाताहरु रहेको, त्यस्तै गरी कहिलेकाही जाने गरेकोमा १५ जना ३० प्रतिशत र थाहा नपाउने (पुरुप) हरुमा ५ जना १० प्रतिशत पाइयो ।
- गर्भ जाँ गराउन नजाने कारण सम्बन्धी विवरणमा हिनताबोधमा १५ जना ३० प्रतिशशत पाइयो र अन्यमा ३५ जना ७० प्रतिशत जाँच गराउने उत्तरदाताको संख्या पाइयो ।

- नसा सम्बन्धी समस्या छ कि छैन भनि सोधिएको प्रश्नमा ४ जना ८ प्रतिशत समस्या नभएको र १० जना २० प्रतिशतमा समस्या भएको देखियो ।
- नसा सम्बन्धी कस्तो समस्या छ भनि प्रश्न गर्दा ४० जनामा समस्या नभएको छ भने १० जनालाई वाथ सम्बन्धी जोर्नी दुखाइको समस्या २० प्रतिशत भएको पाइयो ।
- समाजमा हिंसात्मक घटनाहरुबाट जोगाउने उपाय सम्बन्धी उत्तरदाताहरुमा रोजगारीको सुनिश्चिततामा ३० जना ६० प्रतिशत, महिला शिक्षामा जोड दिनेमा १२ जना २४ प्रतिशत र कडा कानुन बनाउनेमा ८ जना १६ प्रतिशत गरी जम्मा ५० जना १०० प्रतिशत उत्तरदाताहरु पाइयो ।
- समुदायमा घरेलु हिंसा महिला हिंसा रोकथामका कार्यक्रम भएका छन भन्ने उत्तरदाताहरुमा ४० जना ८० प्रतिशत र भएका छैन भन्ने उत्तरदाताहरुमा १० जना २० प्रतिशत रहेको पाइयो ।
- हिंसात्मक घटना रोक्न यस खालका कार्यक्रमहरु सहयोगी छ कि छैननन् भनि सोधिएको प्रश्नमा धेरै सहयोगी छन भन्ने उत्तरदातामा ३३ जना ६६ प्रतिशत, सहयोगी पुगेको छ भन्नेमा १० जना २० प्रतिशत र थोरै मात्रामा सहयोग पुगेको छ भन्नेमा ७ जना १४ प्रतिशत रहेको पाइयो ।
- समाजमा महिला हिंसा रोकथामका लागि यस खालका कार्यक्रमको आवश्यकता सम्बन्धी प्रश्नहरुमा उत्तरदाताहरुको संख्यामा धेरै नै आवश्यक छ भन्नेमा २८ जना ५६ प्रतिशत, आवश्यक छ भन्नेमा १० जना २० प्रतिशत, कम आवश्यक छ भन्नेमा ८ जना १६  प्रतिशत आवश्यक छैन भन्ने उत्तरदाताहरुमा ४ जना ८ प्रतिशत रहेको पाइयो ।
- महिला हिंसा रोकथामको जनचेतना जगाउने प्रमुख साधनमा रेडियो भन्ने उत्तरदाताहरुमा ३४ जना ६८ प्रतिशत र टेलिभिजन भन्नेमा १० जना २० प्रतिशत, पत्रपत्रिका भन्नेमा ६ जना १२ प्रतिशत पाइयो ।
- महिलालाई कुटपिट गर्नु, हेल ागर्नु हेला हो कि होइन भन्ने उत्तरदाताहरुमा ४५ जना हेला हो ९० प्रतिशत र हिैसा होइन भन्नेमा ५ जना १० प्रतिशत उत्तरदाताहरु पाइयो ।

# अध्याय पाँच : निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

सुनसरी जिल्ला रामधुनी नगरपालीका वडा नं.-७ का मुस्लीम टोल र मन्दिर टोलमा महिला हिंसा र यसले स्वास्थ्यमा पारेको असर (प्रभाव) सम्बन्धी अध्ययनबाट प्राप्त नतिजाहरुको आधारमा निम्न निष्कर्षहरु निकालिएको छ :

क) अध्ययन जनसंख्याको रुपमा रहेका यस समुदायका महिलाहरुमा घरेलु हिंसा तथा यौनिक र मानसिक हिंसाका घटनाहरु रहेको पाइयो । महिलाहरुमा चोटपटक र मानसिक समस्याहरु रहेको पाइयो । मानसिक तनाव, खान मन नलाग्ने, नसा सम्बन्धी समस्या भएका, कम उमेरमा विवाह गर्ने किशोरकिशोरीहरु रहेको पाइयो ।

ख) सो समुदायका महिलाहरुमा पाठेघरको समस्या भएका महिलाहरुको संख्या ५० घरधुरीमा १५ जनालाई समस्या रहेको ३० प्रतिशत र १० जना उत्तरदाताहरुमा २० प्रतिशतलाई समस्या होकि होइन थाहा नभएको र जाँच गराउन नगएको निष्कर्षबाट देखियो ।

ग) समाजमा महिला हिंसा गर्नु हुदैन भन्ने उत्तरदाताहरुमा ५० घरधुरीमा ५० जना १०० प्रतिशत नै पाइयो तर व्यवहारमा लागु नभएको र समाजमा हिंसात्मक घटनाहरु रहेको पाइयो ।

घ) समाजमा घरेलु हिंसा रोकथामका कार्यक्रम हुने गरेता पनि यसले प्रत्यक्ष रुपमा मानिसहरुको व्यवहारमा परिवर्तन नभएको र समस्या रहिरहेको पाइयो । यसका लागि जनचेतना जगाउने प्रमुख साधन रेडियो भन्ने उत्तरदाताको संख्या ३४ जना ६८ प्रतिशत पाइयो ।

ङ) महिलाहरुलाई हिंसा हुन नदिन र समाजलाई हिंसात्मक कार्यबाट हटाउनका लागि महिलाहरुलाई रोजगारीको व्यवस्था गरीनु पर्दछ भन्ने ३० जना ६० जना उत्तरदाताहरुमा जानकारी रहेको पाइयो । रोजगारी समान सहभागीता महिला शिक्षामा विशेष जोडा दिएर हातमा हात र काधमा काध मिलाएर महिलाहरुलाई समेत समाजमा अगाडी बढाएर लैजानु पर्दछ भनि स्थलगत अध्ययनबाट प्रष्ट हुन आएको छ । सोही कुरा व्यवहारमा लागु भइ हिंसा रहित स्वच्छ सफा वातावरण निर्माण भइ पारिवारीक सम्बन्ध तथा सुमधुर पार्नेकुरामा श्रीमान र श्रीमती दुवैको महत्वपूर्ण भूमिका रहने अध्ययनबाट प्राप्त निश्कर्ष पाइयो ।

च) समाजमा हिंसात्मक घटना भएता पनि घटनालाई गाँउमा नै स्थानिय सरोकारवाला, बुद्धिजीवि पिडितहरु विच प्रहरीसंग साझेदारी गरी मिलाउने र किशोरकिशोरीहरुको विवाहपूर्व नै गर्भ रहेकोले मिलाएर १८ वर्षमा नै विवाह गरिदिएको पाइयो । मुस्लीम समुदायमा यस खालका घटनाहरु घटीरहने भएकाले रुढीवाढी परम्परा र पितृसतात्मक सोचले जरा गाडेको देखियो । समाजमा यस खालका छैनन् भन्ने परिपाटी समेत सो समुदायमा देखियो ।

छ) हिंसात्मक कार्यलाई रोकथामका लागि सयुक्त परिवार संख्या वढी रहेको आधारमा नारीलाई सम्मान गरी सोही अनुरुप शिक्षा र रोजगारीको व्यवस्था गरिनु पर्ने परिवारको साथ र सहयोग पाएमा महिलाहरु अगाडी बढ्न सक्ने भएकाले सोही रुपमा पुरुष अभिभावकले सहयोग पु¥याइनु पर्ने देखियो ।

ज) महिला हिंसालाई न्यूनिकरण र अन्त्य गर्न राज्यको नीति नियम कडाइका साथ लागु गरी कार्यन्वयन गरिनु पर्ने देखियो ।

## ५.२ सुझावहरु

निष्कर्षको आधारमा सुझावले भविष्यमा अन्य व्यक्तिहरुलाई समेत अनुसन्धानकर्तालार्ई सहयोग पु¥याउने अपेक्षा राख्दै राज्यको निम्ति निर्माण तहमा, सरोकारवालाहरु, विभिन्न संघ संस्था, स्थानिय निकाय, बुद्धिजीवि, महिला समुह, महिला विकास समितीहरुलाई समेत सहयोग पुग्ने आशा लिएको छ ।

कुनै पनि सुझावले सहि र गलत छुट्याएर सहि मार्गदर्शन गरी सहि बाटोमा हिड्न सहयोग पुग्नुका साथै पथपर्दशकको काम समेत सुझावले गर्ने भएकाले यसको महत्व रहेको छ

सुनसरी जिल्लको रामधुनी नगरपालीका वडा नं.-७ का ५० घरधुरीमा रहेका महिला हिंसा र यसले स्वास्थ्यमा पार्ने असर सम्बन्धी अध्ययनबाट प्राप्त नतिजाको आधारमा निम्न प्रकारका सुझावहरु प्रस्तुत गर्न सकिन्छ ।

### ५.२.१ नीति निर्माण तह

नीति निर्माण तह अन्तर्गत रहेर प्राप्त सुझावहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- महिला हिंसा सम्बन्धी घटनाहरु दिन प्रतिदिन बढिरहेकोले राज्यले सोही आधारमा कडा कानुन बनाएर लागु गर्नुपर्छ ।
- विद्यालय स्तरमा समेत पाठ्यपुस्तकहरुमा महिला हिंसा सम्बन्धी पाठ्यसामग्री निर्माण र प्रयोग गर्न शिक्षा मन्त्रालयमा जोड दिनु पर्दछ ।
- स्थानिय स्तरमा समेत विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुले महिला हिंसाका कार्यक्रम निर्माण गरी हिंसा प्रभावित क्षेत्रमा बढी कार्यक्रमहरु सञ्चालन गरिनु पर्दछ ।
- स्थानिय निकायहरुले पिछडीएको जात जाति र समुदायहरुमा स्वास्थ्य सेवातथा सुविधाहरु सम्बन्धी जाँच खोप कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।
- स्थानिय निकायहरुले सिमित स्रोत साधनले समेट्ने गरी प्रभावित क्षेत्रमा वा पीछडिएको क्षेत्रमा शैक्षिक र जीवन उपयोगी सीपहरु सम्बन्धी कार्यक्रमहरु र तालिमहरु सञ्चालन गर्नु पर्दछ ।
- नेपाल सरकारले महिला बालबालिका मन्त्रालयले सिपमुलक तालिमहरु प्रदान गरी स्वरोजगारीको वातावरण सृजना गरीदिनु पर्दछ ।
- नेपाल सरकारले महिला हिंसा सम्बन्धी स्पष्ट नीति निर्माण गरी प्रभावकारी ढंगले कार्यान्वयन गर्ने खालको नीति तर्जुमा गरी लागु गर्नु पर्दछ ।
- महिला हिंसा सम्बन्धी कार्यक्रम सञ्चालन भएपछि सो कार्यक्रमले कतिको उपलब्धि हासिल गर्‍यो भनि माथिल्लो निकायबाट निरन्तर अनुगमन प्रभावकारीताको मुल्याङ्कन गर्नु पर्दछ ।

### ५.२.२ अभ्यास सम्बन्धी सुझावहरु

- यस क्षेत्रमा महिला शिक्षा, साक्षरता, प्रौढ शिक्षा जस्ता कार्यक्रमहरु सञ्चालन गरिनु पर्दछ ।
- महिला हिंसा रोकथामका लागि महिलाहरुको जीवनस्तर उकास्ने खालका सिप तथा व्यवसायिक तालिमहरु सञ्चालन गर्नु पर्दछ ।

- समुदायमा महिला हिंसा सम्बन्धी ज्ञान भएता पनि व्यवहारमा लागु नभएकोले व्यवहारिक ज्ञान सम्बन्धी तालिमहरु सञ्चालन गर्नुपर्ने ।
- यस सम्बन्धी बेलाबेलामा कार्यक्रम तथा अन्तरक्रिया र छलफलहरु गर्नुपर्ने ।
- स्थानिय स्रोत साधनको परिचालन गर्दै पिछडिएको समुदायलाई कर्जा प्रवाह गरी आय आर्जनमा लाग्न प्रेरित गर्नु पर्छ ।
- महिलाहरुलाई सशक्तिकरण कार्यक्रमहरु सञ्चालन गरी महिलाहरुलाई आत्म निर्भर हुन अभिप्रेरित गर्नुपर्ने ।
- जनचेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।

### ५.२.३ अनुसन्धान तहका लागि सुझावहरु

- महिला हिंसाले पारेको असरहरुको अन्य व्यापक क्षेत्रलाई ओगट्ने शीर्षक छानी अध्ययन गर्नुपर्ने । जस्तै यौन सम्बन्धी रोग, मानसिक रोग, पोषण र परिवार नियोजन इत्यादी ।
- अनुसन्धानको क्रममा राजनितिक दल, बुद्धिजीवि, समाजसेवि, शिक्षक, विद्यार्थी, स्वास्थ्यकर्मी, महिला अधिकारकर्मी लगायत सम्पूर्ण सरोकारवालाहरुलाई समेटी वृहत कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने ।
- महिला हिंसाबाट स्वास्थ्यमा पार्ने समस्याहरु, असरहरु धेरै हुने भएकाले यसलाई राम्रोसंग केलाएर अध्ययनको केन्द्रविन्दुमा पुगी निराकरणका उपायहरुको सृजन ागर्नुपर्ने ।
- अध्ययनको क्रममा सिमित स्रोत साधन र समय भित्र गर्नुपर्ने भएकाले लुकेर रहेका समस्याहरुलाई पत्ता लगाएर सोही अनुरुप अगाडी बढ्न सहयोग पुर्‍याउने ।
- मातृ शिशु स्वास्थ्य सम्बन्धी गर्भवतीहरुको जाँच गराउने पक्षमा जोड दिने खालको अध्ययन ।
- सुरक्षित मातृत्व सम्बन्धी ज्ञान र अभ्यासका अध्ययन ।
- पिछडिएका समुदायका महिलाहरुमा व्यवहारिक ज्ञान, धारणा र अभ्यास सम्बन्धी गरिएको अध्ययन
- मुस्लीम समुदायका महिलाहरुमा परिवार नियोजनका साधनको प्रयोग सम्बन्धी अध्ययन ।
- आकस्मिक गर्भ निरोधक साधनले मुस्लीम समुदायका महिलाहरुमा पार्ने जटिल सम्बन्धी अध्ययन ।

# सन्दर्भसूचि

बुढाथोकी चित्रबहादुर ***सामुदायिक स्वास्थ्य तथा संगठन***एम. एड.लैङ्गिक विश्लेषण

श्रेष्ठ बिनु (२०७६) महिलाहरूमा आङ खस्ने समस्या र त्यसले स्वास्थ्यमा पार्ने प्रभाव (सोधपत्र)

नवदुर्गा अधिकारी(२०७६)मुस्लिम समुदायका प्रजनन उमेरका विवाहित महिलाहरूमा परिवारका साधनहरूको प्रयोग(सोधपत्र)

रामधुनी भाषि नगरपालिकाको महिला हिंशाको तथ्यांक(२०७७)

ABC नेपाल बिराटनगरको प्रतिवेदन (लैङ्गिकतामा आधारीत हिंशा)२०७७ पौष

विश्व स्वास्थ्य संगठन २०१३ ⁄२०१९(महिला हिंशाका कारणहरू )

संयुक्त राष्ट्रसंघीय महासन्धीमा सामान्य सुझाव १९ बाट संशोधित रुप(महिला बिरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन)

राष्ट्रिय महिला आयोगको प्रतिवेदन २०७७ पौष (महिला हिंशाको परिचय र अवस्था )

नारी मासिक पत्रिका २०७७ पौष ( हिंशाका प्रकार र असरहरू )

हाम्रो संचार online khabarमहिला हिंशा सम्बन्धि लेख (कुमारी महरा )

Asia Foundation 2004 Pratives(हिंशाको कारण र अवस्था )

निराजन शर्मा नेपालमा महिला हिँसा न्युनिकरणको सवाल प्रकाशित (30 November 2020)

## “महिला हिंसा र यसले स्वास्थ्यमा पारेको असर (प्रभाव)”

## २०७७/७८

## अनुसुची-१

त्रिभुवन विश्वविद्यालय जनता बहुमुखी क्याम्पसको शिक्षा शास्त्र संकायको लागि स्नातकोत्तर तह द्धितिय वर्षको सोधपत्रको लागि तयार पारिएको प्रश्नावली रामधुनि (भा.सि) नगरपालिका वडा नं.७ का ५० (पचास) घरधुरीमा वसोवास गर्ने समुदायका मानिसहरुमा व्याप्त महिला हिंसा र यसले स्वास्थ्यमा पारेको प्रभावको सोधखोज गरी निस्कर्ष निकाल्नका लागि सोधसार सर्वेक्षण २०७७ प्रनावली यसै अध्ययनका लागि मात्र उपयोग गरिएको छ। यसमा उत्तरदाताको गोपनियता कायम गरिएको छ।

क) जनसाङ्खिक विवरण

उत्तरदाताको नाम :- मिति :-

उत्तरदाताको स्थायी ठेगाना :-

उत्तरदाताको अस्थायी ठेगाना :-

लिङ्ग :- उमेर :-

पेशा :- धर्म :-

जाति :- शिक्षा :-

१. तपाईको परिवामा कति जना सदस्यहरु हुनुहुन्छ ?

क) २ ख) ३ ग) ४ घ) ४ भन्दा बढी

२. तपाइलाई महिला हिंसाको बारेमा थाहा छ ?

क) थाहा छ ख) थाहा छैन ग) सुनेको छु घ) सुनेको छैन

३. तपाइको विचारमा महिला हिंसाले स्वास्थ्यमा असर पार्छ ?

क) असर पार्छ ख) असर पार्दैन ग) थाहा छैन घ) थाहा छ

४. यदि थाहा छ भने महिला हिंसाबाट स्वास्थ्यमा कस्तो असर पर्छ ?

क) शारीरिक असर		ख		क असर

ग) यौनिक असर		घ) चोटपटक

५. समाजमा महिला हिंसा हुनु राम्रो हो कि नराम्रो हो ?

क) राम्रो		ख) नराम्रो		ग) थाहा छ		घ) थाहा छैन

६. बोक्सीको आरोपमा यातना दिनुलाई कस्तो हिंसाको रुपमा लिन सकिन्छ ?

क) महिला हिंसा		ख) सामाजिक हिंसा

ग) घरेलु हिंसा		घ) लैङ्गिक हिंसा

७. तपाइको पहिलो बच्चा कति वर्षको उमेरमा जन्मीएको हो ?

क) १५ वर्षभन्दा माथि		ख) २० वर्षभन्दा माथि

ग) ३० वर्षभन्दा माथि		घ) ३५ वर्ष भन्दा माथि

८. तपाइको बच्चा जन्मीदा बच्चामा कुनै समस्याहरु (कम तौल, अस्वस्थता) थियो की थिएनन् ?

क) समस्या भएको		ख) समस्या नभएको

ग) समस्या पत्ता लागेको		घ) समस्या पत्ता नलागेको

९. तपाइलाई पाठेघर सम्बन्धी समस्या छ कि छैन ?

क) समस्या छ		ख) समस्या छैन

ग) समस्या थाहा छ		घ) समस्या थाहा छैन

१०. तपाइको जीवनमा धेरै चिन्ता र खान मन नलाग्ने समस्याहरु छन कि छैनन् ?

क) छन		ख) छैनन्

ग) थाहा भएको		घ) थाहा नभएको

११. महिला हिंसा हुन नदिन परिवारमा कस्तो भुमिका महत्वपूर्ण हुन्छ ?

क) नारी (श्रीमती)　　　　पुरुष (श्रीमान)

ग) श्रीमान श्रीमती दुबैको　　　　अभिभावकको

१२. समाजमा महिला हिंसा हुन नदित कस्को भुमिका ठूलो हुन्छ ?

क) व्यक्ति स्वयमको　　　　ख) घरपरिवारको

ग) समाजको　　　　घ) राष्ट्रको

१३. समाजमा महिला हिंसा हुन नदिन के के गर्नु पर्ला ?

क) महिला सशक्तिकरण　　　　ख) महिला सहभागिता बढाउने

ग) शिक्षित बनाउने　　　　घ) रोजगारीको व्यवस्था गर्ने

१४. तपाइको विचारमा महिला र परुष विचको विद्यमान सामाजिक विभेदले महिला हिंसा बढाएको हो कि होइन ?

क) हो　　　　ख) होइन

ग) थाहा छ　　　　घ) थाहा छैन

१५. समाजमा घरेलु हिंसा हुन नदिने के गर्नुपर्ला ?

क) महिला शिक्षामा जोड दिने　　　　ख) कडा कानुन बनाउनु पर्छ

ग) कानुन कार्यन्वयनमा जोडा दिने　　　　घ) महिलालाई रोजगारी दिने

१६. मानव बेचविखनको प्रमुख कारण के हो ?

क) वेरोजगारी　　　　ख) अशिक्षा

ग) गरिबि　　　　घ) फितलो कानुन

१७. मानव बेचविखन हुन नदिन के गर्नु पर्ला ?

क) जनचेतना जगाउने　　　　ख) महिला सशक्तिकरणमा जोड

ग) शिक्षामा र रोजगारमा अवसर　　　　घ) कानुनमा कडाई

१८. तपाइको समुदायमा बाल विवाह बहु विवाह भएको छ कि छैन ?

क) छ　　　　ख) छैन

ग) कतै कतै हुने गरेको छ　　　　घ) त्यस्तो भएको छैन

१९. तपाइको समुदायमा किशोरकिशोरीको छिटो विवाह हुने गरेको प्रमुख कारण के होला ?

क) अशिक्षा　　　　ख) जनचेतनाको कमी

ग) परम्परागत शैली　　　　घ) रितिरिवाज

२०. महिलाले महिलालाई नै हेप्नु र हेल ागर्नुलाई कस्तो रुमा हेर्नु हुन्छ ?

क) पितृसत्तात्मक समाज　　　　ख) रुढिवाढी समाज

ग) जनचेतनाको कमी　　　　घ) अहम भावना

२१. तपाइको समुदायमा गर्भवती हुदा स्वास्थ्य चौकीमा जाँच गराउन जानु भएको छ ?

क) छ　　ख) छैन　　ग)कहिले काही　　घ) थाहा छैन

२२. यदि जानु भएको छैन भने नजानुका कारणहरु के के हुन ?

क) अज्ञानता　　　　ख) परम्परागत शैली

ग) लाज सरम (हिनतावोध)　　　　घ)डर त्रास

२३. तपाइलाई कुनै किसिमको नसा सम्बन्धी समस्या भएको छ ?

क) भएको छ　　　　ख) भएको छैन

२४. यदि भएको छ भने कस्तो समस्या भएको छ ?

क)..........................................................................................................
..

ख)..........................................................................................................

.२५. समाजलाई हिंसात्मक घटनाहरुबाट जोगाउन के गर्नु पर्ला ?

क) महिला शिक्षामा जोड　　　　ख) रोजगारीमा सुनिस्चितता

ग) सामाजिक परिचालन गराउने　　　　घ) कडा कानुन बनाउने

२६. तपाइको समुदायमा महिला हिंसा रोकथाम सम्बन्धी कार्यक्रमहरु हुने गरेका छन् ?

क) हुने गरेका छन　　ख) हुने गरेको छैन

ग) थाहा छैन　　घ) अब गरिनु पर्छ

२७. तपाइको विचारमा महिला हिंसा रोकथामका कार्यक्रम सञ्चालन गर्दा हिंसात्मक घटनाहरु रोक्न सहयोग पुगेको छ ?

क) सहयोग पुगेको छ　　ख) सहयोग पुगेको छैन

ग) थोरै मात्रामा सहयोग पुगेको छ　　घ) धेरै मात्रामा सहयोग भएको छ

२८. तपाइको समुदायमा हिंसा रोकथामका कार्यक्रम हुनु कतिको आवश्यक छ ?

क) आवश्यक छ　　ख) आवश्यक छैन

ग) धेरै नै आवश्यक छ　　घ) कम आवश्यक छ

२९. महिला हिंसा रोकथामका लागि जनचेतना जगाउने प्रमुख माध्यम कुन हो ?

क) रेडियो　　ख) टेलिभिजन

ग) पत्रपत्रिका　　घ) इन्टरनेट

३०.तपाईको विचारमा महिलालाई कुटपिट र हेला गर्नुहिंसा हो कि होईन ?

क) हो　　ख) होईन

ग) थाहा भएन　　घ) अन्य...................................

## धन्यवाद